# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५७ | २०८१ मङ्सीर-पुस | अङ्क ३


## त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठक

त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठक विभिन्न नीतिगत निर्णयहरू गरी सम्पन्न भएको छ । बैठक सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका प्राध्यापन सेवा प्रवेशको न्यूनतम योग्यतामा पुनर्विचार गरी त्रिविका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पस-कलेज तथा विभागमा प्राध्यापन गर्न चाहनेले गरेको हुनुपर्ने व्यवस्था गर्ने निर्णय गरेको छ । त्यस्तै विश्वविद्यालयका केन्द्रीय निकाय, केन्द्रीय विभाग र क्याम्पसहरूको जनशक्तिको आवश्यकता पूरा गर्न र



*त्रिविसभा बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओली, साथमा त्रिविका पदाधिकारी र त्रिविसभाका सभासद्हरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा मङ्सीर २७ मा कीर्तिपुरस्थित त्रिवि स्मृति भवनको सभाकक्षमा बसेको हो ।

त्रिविसभा बैठकले विश्वविद्यालयको विश्वविद्यालय सेवा परीक्षण परीक्षा उत्तीर्ण गर्नुपर्ने र विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा नियुक्त तथा पदस्थापन हुने शिक्षकहरूले कम्तिमा विद्यावारिधि आर्थिक रूपले विपन्न वर्ग तथा क्षेत्रबाट आएका विद्यार्थीलाई सहयोग पुऱ्याउन विद्यार्थी सहायतासम्बन्धी नियमावली तयार गरी विद्यार्थीहरूलाई काममा

लगाउने निर्णय गर्नुका साथै विभिन्न निकायका जनशक्ति आवश्यकताको अध्ययन र दरबन्दी विश्लेषण गरी कार्यालय सहयोगीहरूलाई आउटसोर्सिङबाट लिने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरेको छ ।

बैठकले आयुर्वेद औषधि विज्ञान, लिबरल आर्टस् र होटल एसोसिएशनसँगको सहकार्यमा मिश्रित पद्धति अनुसार होटल व्यवस्थापन, माउण्टेन इञ्जिनियरिङ, माउण्टेन रिस्क म्यानेजमेण्ट, क्लाइम्बिङ, हाइ अल्टिच्यूड ट्रेनिङ, हाइ अल्टिच्यूड स्पोर्टस्, माउण्टेन टुरिजम, इकोनोमी एण्ड इन्भाइरोमेण्ट विषयका विशेष शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम निर्माण गर्ने तथा श्रम बजारको मागबमोजिमका ननक्रेडिट पाठ्यक्रम निर्माण र सञ्चालन गर्ने निर्णयहरू लिएको छ ।

यसैगरी विश्वविद्यालयको पुनःसंरचना गर्न ऐन-नियम संशोधन प्रक्रिया शुरू गरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको सुझाव अनुसार केन्द्रीय कार्यालयलाई समेत् लिएर विश्वविद्यालयको पुनःसंरचना गर्ने, निजी क्याम्पसलाई सामुदायिक क्याम्पससँग, सामुदायिक क्याम्पसलाई सामुदायिक क्याम्पससँगै र निजी क्याम्पसलाई निजी क्याम्पससँगै तथा काठमाडौं उपत्यकाभित्रका क्याम्पसलाई उपत्यकाबाहिरका क्याम्पससँग गाभ्नसकिने नीति अवलम्बन गर्ने, केन्द्रीय कार्यालयमा भएका अनुगमन निर्देशनालय, पाठ्यक्रम विकास केन्द्र र अनुसन्धान निर्देशनालयसँग सम्बन्धित नियममा आवश्यक संशोधन गरी ती निकायलाई समयसापेक्ष बनाउने निर्णय गर्नुका साथै सामाजिक सञ्जाल, लैङ्गिक हिंसा नियन्त्रण र प्रयोगशाला दुर्घटनासम्बन्धी नीति निर्माणका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको छ ।

त्रिविसभाको साधारण बैठकलाई प्रधानमन्त्री तथा त्रिविका कुलपति केपी शर्मा ओलीले सम्बोधन गर्नुभएको थियो । त्यस क्रममा उहाँले कुलपतिको हैसियतले विश्वविद्यालयलाई प्रभावकारी बनाउने विषयमा व्यक्त विचारलाई हस्तक्षेपको रूपमा बुझ्न नहुने स्पष्ट गर्दै भन्नुभयो, "विश्वविद्यालयहरू समय अनुसार चल्नुपर्दछ । तिनले राष्ट्रलाई आवश्यक जनशक्ति निर्माण गर्नु र आफ्ना पाठ्यक्रमलाई व्यावहारिक बनाउनु पर्दछ । विश्वविद्यालयको व्यवस्थापन मेरिटोक्रेसीका आधारमा चयन हुनुपर्दछ । सार्वजनिक पद धारण गरेपछि राजनीतिक दृष्टिकोणको प्रभाव प्रतिविम्बित हुनुहुँदैन ।"

बैठकमा त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले त्रिविको नीति, कार्यक्रम तथा बजेट समयअभावले पारित हुन नसकेको स्पष्ट गर्दै विश्वविद्यालयको शैक्षिक रूपान्तरणमा दीर्घकालीन सहयोग पुग्ने नीति कार्यान्वयन गरी सहयोग गर्नुहुन अनुरोध गर्दै त्रिविसभाका सभासद्हरूलाई स्वागत गर्नुभएको र सभासद्हरू डा. मृगेन्द्र बहादुर कार्की, छत्र बहादुर कार्की, प्रा.डा. बसन्त ढकाल, प्रा.डा. रमेश कुमार जोशी, कमलराज सापकोटा, डा.कल्पना लुइटेल, डा. शत्रुघन प्रसाद गुप्ता, दिलानन्द जोशी, डा. शिवनारायण यादव, श्यामराज ओझा, विराज अर्याल लगायत्ले विभिन्न नीतिगत सुझाव दिनुभएको थियो ।

# त्रिविको पचासौं दीक्षान्त समारोह सम्पन्न

त्रिविका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षता र वरिष्ठ कृषिविज्ञ डा. राम प्रकाश यादवको प्रमुख आतिथ्यमा त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोह सम्पन्न भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पुस १३ गते आयोजित समारोहमा २०८० असार १ देखि २०८१ जेष्ठ मसान्तसम्म ट्रान्सक्रिप्ट लिई ६२ औं ग्रेसलिष्टमा समावेश भएका ७४,१४९ विद्यार्थीमध्ये १४,३०८ जना स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहमा दीक्षित हुनुका साथै सर्वोत्कृष्ट विद्यार्थीहरूले विभिन्न पदक तथा पुरस्कार प्राप्त गरेका छन् । समारोहमा व्यवस्थापन सङ्कायका ३१,०९०, मानविकी तथा सामाजिक शास्त्र सङ्कायका १३,६२३, कानून सङ्कायका ३,०८६, शिक्षाशास्त्र सङ्कायका ११,३१७, इञ्जिनियरिङ अध्ययन संस्थानका ५,३०४ कृषि र पशुविज्ञान अध्ययन संस्थानका ६४८, वनविज्ञान अध्ययन संस्थानका ३०४ र विज्ञान तथा प्रविधि अध्ययन संस्थानका ७,००७ विद्यार्थी दीक्षित भएका थिए ।

समारोहलाई सम्बोधन गर्दै कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीले दीक्षित विद्यार्थीलाई देशको सर्वाङ्गीण विकासमा काम गरी देश, समाज र परिवारको गरिमा तथा इज्जत राख्न अनुरोध गर्नुभएको थियो । नेपाल वीरहरूको मात्रै नभई विद्वानहरूको समेत् देश भएको र पितापुर्खाहरूको गौरवशाली इतिहास सदा स्मरणीय हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "देशकै ठूलो र प्रतिष्ठित विश्वविद्यालयको रूपमा त्रिविले मुलुकका लागि आवश्यक दक्ष जनशक्ति निर्माणमा ऐतिहासिक भूमिका निर्वाह गरेको छ । सरकारले

त्रिवि लगायत् सबै विश्वविद्यालयहरूलाई व्यवस्थित बनाउँदै लैजानेछ ।"

समारोहका प्रमुख अतिथि वरिष्ठ कृषिविज्ञ डा.राम प्रकाश यादवले तराईको सामान्य परिवारमा जन्मेर विश्वकै प्रतिष्ठित संयुक्त राज्य अमेरिकाको ओरेगन विश्वविद्यालय र कोर्नेल विश्वविद्यालयसम्मको प्राज्ञिक तथा विभिन्न राष्ट्रिय-अन्तरराष्ट्रिय

त्रिविका सहकुलपति एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले त्रिभुवन विश्वविद्यालयले ज्ञान, सीप र नवप्रवर्तनमा जोड दिई एक अविचलित संस्थाको रूपमा आफूलाई स्थापित गरेको उल्लेख गर्दै भन्नुभयो, "विश्वविद्यालयमा उपलब्धिसँगै चुनौती पनि छन् । हामीले ती समस्या समाधान गर्न व्यावहारिक प्रयत्न गर्नुपर्दछ । विदेशलाई पहिलो रोजाइमा

केशरजङ्ग बरालले समारोहका सहभागी सबैलाई स्वागत गर्दै देश विकासका लागि सिपयुक्त स्तरीय उच्चशिक्षा प्राप्त जनशक्तिको अहम भूमिका हुने र देश बहुविश्वविद्यालयको अवधारणामा गएपनि उच्चशिक्षामा त्रिविको योगदान र भार नघटेको बताउनु भयो । उहाँले भन्नुभयो, "उच्चशिक्षामा सरकारको बजेट पर्याप्त छैन । त्यसैले सबै सरोकारवाला पक्षबाट




*त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओली ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

संस्थाको व्यावसायिक यात्रामाथि प्रकाश पार्दै भन्नुभयो, "मेरो सफलतामा स्वामी विवेकानन्द, परमहंस योगानन्दका साथै महात्मा गान्धीका विचारहरूको ठूलो देन छ । उहाँहरूकै प्रेरणाबाट उत्पन्न आत्मविश्वास र परमधैर्यता नै मेरो सफलताका प्रमुख अस्त्र हुन् । जीवनमा ईमानदारिता र लगनशिलताका साथ काम गरे अवसरहरू आफैं उपलब्ध हुन्छन् ।"

राखेर हुने पढाइ र रोजगारीका लागि विदेशिने प्रवृत्तिको अन्त्य गर्नु आवश्यक छ । यसका लागि विश्वविद्यालयहरूले आफ्ना शैक्षिक कार्यक्रमलाई रोजगारको क्षेत्र र बजारको माग अनुरूप सान्दर्भिक बनाउँदै उद्योग व्यवसाय र अन्तरराष्ट्रिय संस्थाहरूसँग सहकार्य गरी पाठ्यक्रम निर्माण गर्नुपर्दछ ।"

त्रिविका उपकुलपति प्रा.डा.

सहयोगको अपेक्षा राखेका छौं । विभिन्न चुनौती र समस्या हुँदाहुँदै पनि त्रिविले समयमै शैक्षिक क्यालेण्डर लागू गरेको छ । त्रिविको समग्र पुनःसंरचना गर्ने काममा लागेका छौं ।"

समारोहमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी., रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल लगायत् त्रिविसभाका सभासदहरूको उपस्थिति थियो ।

# अन्तरराष्ट्रिय सम्मेलन 'फेवा सम्वाद २०२४'

त्रिभुवन विश्वविद्यालय र चीनको सिचुआन विश्वविद्यालयको संयुक्त आयोजनामा मुलुकको पर्यटकीय राजधानी पोखरामा पुस ३-६ गते 'फेवा सम्वाद २०२४' अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

दक्षिण तथा दक्षिणपूर्वी एसियाली चीनका ३०, नेपालका २०, भारत, पाकिस्तान, श्रीलंका र बाङ्गलादेशका तीन-तीन जनाका साथै भुटान, मलेसिया, सिङ्गापुर र इण्डोनेसिया लगायत्का मुलुकका आर्थिक,सामाजिक र प्राविधिक क्षेत्रका विज्ञहरूको सहभागिता थियो । सम्वाद अन्तरराष्ट्रिय सम्मेलनमा दक्षिण एसिया र दक्षिणपूर्वी एसियाका विशेषज्ञ प्राध्यापकहरूबीच सार्थक बहस र छलफल हुनेछ भन्ने अपेक्षा गरेको छ ।"

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले छिमेकी मुलुकहरूसँगको शैक्षिक




'फेवा सम्वाद २०२४' मा सहभागी पूर्वराष्ट्रपती विद्यादेवी भण्डारी र नेपालका लागि चिनिया राजदूत छेन सोङ, साथमा त्रिवि पदाधिकारी एवम् आमन्त्रित विज्ञहरू । तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा

मुलुकहरूको सहकार्यलाई प्रगाढ बनाउने, अन्तरआबद्धता लाई अवसरमा रूपान्तरण गर्ने, आर्थिक समृद्धि र दिगो विकासका साथै प्रविधिको विकासमा साझेदारी अभिवृद्धि गर्ने उद्देश्यले पहिलो पटक आयोजना गरिएको फेवा सम्वादको माध्यमबाट विश्वका प्रभावशाली मुलुकसँग सहकार्य गरी देशको आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण सहयोग पुऱ्याउन सकिने अपेक्षा गरिएको छ । सम्मेलनमा

सम्मेलनको उद्घाटन गर्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भौतिक पूर्वाधारको विकास, प्रविधिको उपयोग र आत्मनिर्भर अर्थव्यवस्थामा मित्रराष्ट्र चीनले प्राप्त गरेको उपलब्धि अनुकरणीय भएको बताउनु भयो । दुई विशाल सम्भावनायुक्त मुलुकका बीचमा अवस्थित नेपाल लामो समयसम्म अविकसित रहिरहनु नहुनेमा जोड दिँदै उहाँले भन्नुभयो, "त्रिभुवन विश्वविद्यालय सहआयोजक भएको फेवा सहकार्यबाट देशका लागि आवश्यक दक्ष जनशक्ति निर्माण गर्ने वातावरण बनाउनु पर्ने उल्लेख गर्दै भन्नुभयो, "भूमण्डलीकरण, विश्वव्यापीकरण र प्रविधिको क्षेत्रमा भएका परिवर्तनले सम्भावनाहरू सिर्जना गरिरहेका छन् र यसबाट विकासशील राष्ट्रहरूले कसरी लाभ लिने भन्ने विषय चुनौतिपूर्ण बनेको छ । मुलुकको महत्वपूर्ण परिचय भएको कारण त्रिभुवन विश्वविद्यालयले प्रतिष्ठित

अन्तरराष्ट्रिय शैक्षिक संस्थाहरूसँगको सहकार्यबाट आफूलाई समयसापेक्ष रूपान्तरण गर्नुपर्दछ ।"

त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले उच्चशिक्षामा लगानीको सङ्कट बढ्दै गइरहेकोले उच्चशिक्षा व्यावसायिक, प्रभावकारी र कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड् दिँदै भन्नुभयो, "सिचुआन विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबीच लामो समयदेखि शैक्षिक सहकार्य हुँदै आइरहेको छ र दुवै विश्वविद्यालयको संयुक्त आयोजनामा अहिले विकास र प्रविधिको क्षेत्रमा एसियाली मुलुकहरूको सहकार्य अघि बढाउन फेवा सम्वाद आयोजना गरिएको हो ।"

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.ले विश्वविद्यालयहरू मुलुकको विकास र सम्भावनामाथि बहस अघि बढाउन समेत् लाग्नुपर्ने आवश्यकता बोध गरेर फेवा सम्वाद आयोजना गरिएको र सम्मेलनमा आर्थिक विकास, प्रविधिको प्रयोग, लगानीको सम्भाव्यता, आर्थिक–सामाजिक सहकार्य, नवप्रवर्तन लगायत्का महत्वपूर्ण विषयमा छलफल भएको बताउनु भयो । उहाँले भन्नुभयो, "आर्थिक विकासको महत्वपूर्ण स्थानमा पुगिसकेका मुलुकबाट साना मुलुकले सहयोग र अनुदान लिँदा राजनीतिक पर्दाबाट मात्रै हेरिने प्रवृत्तिले नेपालजस्ता मुलुक मारमा परेका छन् । नेपालका लागि दुवै छिमेकी राष्ट्र उत्तिकै महत्वपूर्ण र विशिष्ट छन् । हाम्रो मुलुकले दुवै देशबाट सम्मानजनक सहयोगको अपेक्षा राखेको छ ।"

सम्मेलनको समापन सत्रमा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले आर्थिक विकासका राष्ट्रिय–अन्तरराष्ट्रिय विषयमा महत्वपूर्ण विचार व्यक्त गर्ने सबै वक्तालाई धन्यवाद दिँदै भन्नुभयो, "विद्वानहरूले मानव जीवन रक्षा, सम्मानित जीवन र आर्थिक–सामाजिक सहकार्यका पक्षमा वकालत गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालयले विश्वका १८० वटा विश्वविद्यालयसँग सहकार्य गर्दै आइरहेको छ र आगामी दिनमा पनि सहकार्यका लागि हामी तयार छौं ।"

सम्मेलनमा पूर्वमन्त्रीहरू कमल थापा, डा. युवराज खतिवडा, प्रदिपकुमार ज्ञवाली, डा. प्रकाशशरण महत लगायत् राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरू डा. दिपेन्द्र बहादुर क्षेत्री, प्रा.डा. गोविन्दराज पोखरेल, डा. विश्व पौडेल, चीनका लागि नेपाली पूर्वराजदुत एवम् पूर्वमुख्यसचिव लीलामणी पौड्याल, नेपालका लागि चीनका राजदूत छेन सोङ, विश्वविद्यालयका प्राध्यापक लगायत्का विज्ञहरूको सहभागिता थियो ।

## सञ्चार तथा मिडियाबारे काठमाण्डु सम्मेलन

त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग र सेण्टर फर मिडिया रिसर्च नेपाल (सिएमआर-नेपाल)ले पुस ७-८ मा सञ्चार तथा मिडियाबारे 'काठमाण्डु कन्फेरेन्स २०२४' आयोजना गरेका छन् । बल्खुस्थित विभागको कार्यालय 'क्यामेरा बिल्डिङ'मा उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको लिखित शुभकामनाबाट प्रारम्भ भएको सम्मेलनमा प्राध्यापक पी. खरेलले 'मल्टिच्यानल युग तथा अडियन्स खण्डीकरण' विषयमा विशेष सम्बोधन गर्दै थरिथरिका मिडिया च्यानल सहज ढङ्गले उपलब्ध आजको समयमा सिद्धान्तभन्दा बढी दक्षतामुखी शिक्षाको आवश्यकता औंल्याउनु भयो ।

त्रिवि मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा. दुविनन्द ढकाल, भूगोल केन्द्रीय विभागका डा. शोभा श्रेष्ठ र अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक विनोद जोशीले शुभकामना मन्तव्य दिनुभएको सम्मेलन उद्घाटन सभामा सिएमआरका अध्यक्ष दीपक अर्यालले अतिथि तथा सहभागीलाई स्वागत गर्दै कार्यक्रमबारे प्रकाश पार्नुभयो । पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा. कुन्दन अर्यालले सम्मेलनका अतिथि, सहभागी, स्वयम्सेवक, शिक्षक, कर्मचारी, विद्यार्थी सबैलाई धन्यवाद ज्ञापन गर्दै विभागले सञ्चारउद्यम र मिडिया स्कूलबीच विद्यमान खाडल पुर्न सहकार्य गर्ने प्रतिबद्धता जनाउनु भयो । सभाको सञ्चालन पत्रकार पवन आचार्यले गर्नुभएको थियो ।

उद्घाटनपछि त्रिविका सहायक प्राध्यापक ऋषिकेश दाहाल, काठमाडौं विश्वविद्यालयका सह-प्राध्यापक निर्मलमणि अधिकारी, त्रिविका सहायक प्राध्यापक घमराज लुइँटेलले अध्यक्षता गर्नुभएका बेग्लाबेग्लै सत्रमा बाङ्गलादेशको लिबरल आर्टस् यूनिभर्सिटीका प्रा. एम. सुमन रहमानले दक्षिण एसियामा मिथ्यासूचना प्रवाह; भारत, नयाँदिल्लीस्थित मिडिया स्टडिज् ग्रूपका अनिल चमडियाले दक्षिण एसियाका अन्य देशमाथि भारतीय मिडियाको हेराइ र श्रीलङ्काको भोकेशनल टेक्नोलोजी यूनिभर्सिटी, फिल्म तथा टेलिभिजन विभागका एच.ए. गायान मदुशङ्कले मिडिया उपभोक्ताको व्यवहार

एवम् रेटिङ प्रणालीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रत्येक सत्रमा नेपालका मिडिया शिक्षक, अनुसन्धानकर्ता र विद्यार्थीहरूले पनि अनुसन्धानमा आधारित कार्यपत्रहरू प्रस्तुत गरेका थिए ।

सम्मेलनको दोस्रो दिन दुई समानान्तर सत्रमा प्यानल छलफल र विद्यार्थीहरूका अनुसन्धानमा आधारित व्यवस्थापनविद्, सम्बद्ध सरकारी निकायका पदाधिकारी तथा पेशागत सङ्गठनका प्रतिनिधिहरू सहभागी थिए ।

एउटा सत्रमा पत्रकार तथा मिडिया व्यवसायी कुन्द दीक्षितले मिडिया शिक्षा कस्तो हुनुपर्छ भन्ने विषयमा विशेष लेक्चर दिनुभयो । उहाँले भन्नुभयो, "मिडियाका विद्यार्थीलाई पत्रकारिताको भन्दा बढी र अन्तरराष्ट्रिय कुटनीतिबीचको सहसम्बन्धबारे चर्चा गर्दै भन्नुभयो, "विश्वमा पश्चिमको एकोहोरो सञ्चार फैलिरहेको अवस्थामा हामीले दक्ष जनशक्ति तयार गरेर आफ्ना कुरालाई पनि संसारभर पुऱ्याउन सक्नुपर्दछ । हिमाल-पहाड, सामाजिक तथा जैविक विविधता, धर्म-सँस्कृति, गौतम बुद्ध, शान्ति




*अबको मिडिया शिक्षा कस्तो हुनुपर्छ भन्ने विशेष लेक्चर सत्रमा सहभागीका जिज्ञाशाको जवाफ दिँदै पत्रकार तथा मिडिया व्यवसायी कुन्द दीक्षित ।* *तस्बीर : पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग*

कार्यपत्रहरूको प्रस्तुति भएको थियो । विद्यार्थीका प्रस्तुतिमाथि बाङ्लादेश, भारत एवम् श्रीलङ्काका विज्ञले टिप्पणी गरेका थिए । कृत्रिम बौद्धिकताको युगमा मिथ्यासूचनाको प्रतिवाद, मिडिया र भ्रष्टाचार, पत्रकारिताको सम्भाव्यता, पत्रकारिताको भविष्य र मिडिया-राज्य सम्बन्धमा केन्द्रित पाँचवटा प्यानल छलफलमा नेपालका पत्रकार, मिडिया प्राध्यापक, अनुसन्धानकर्मी, व्यवसायी, देश-विदेशको इतिहास, सँस्कृति, भूगोल, समसामयिक विकास जस्ता विषयको ज्ञान चाहिएको छ । यसबाहेक स्वतन्त्रताको सिद्धान्त, मल्टिमिडिया ट्यालेण्ट, भिजुअलाइजेसन र डिस्सेमिनेसन स्किल्स् पनि त्यत्तिकै आवश्यक छन् ।"

सम्मेलनको समापन त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीको विशेष सम्बोधनबाट भएको थियो । आफ्नो सम्बोधनमा उहाँले विश्वव्यापी सञ्चार मिसन, राजनीतिक विकासक्रम, द्वन्द्व निरूपण, समावेशिता, संविधान निर्माण जस्ता हाम्रा सबलपक्षलाई अन्तरराष्ट्रिय रङ्गमञ्चमा जति प्रभावकारी ढङ्गले लैजान सक्छौं, त्यति हाम्रो कुटनीतिक साख चम्किँदै जान्छ । यसो गर्न हामीलाई दक्ष पत्रकारहरूको आवश्यकता पर्दछ, जसलाई तयार गर्ने दायित्व पत्रकारिता तथा आमसञ्चारको अध्ययन-अध्यापनमा संलग्न शैक्षिक संस्थाहरूको हो ।"

# समावेशी शिक्षामा अन्तरराष्ट्रिय सम्मेलन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालयले मङ्सीर २३-२४ मा 'समावेशी शिक्षाको अवधारणा र अभ्यासः मुद्दा, सिकाइ र भविष्यको मार्गचित्र' शीर्षकको अन्तरराष्ट्रिय सम्मेलन आयोजना गरेको छ । पाकिस्तान, बाङ्गलादेश र नेपालका सहभागीबीच नीतिगत विचारविमर्श भएको थियो ।

सम्मेलनको उद्घाटन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले भन्नुभयो, "नेपालजस्तो विविधता भएको देशमा समावेशी र विशेष आवश्यकता शिक्षामा उपयुक्त नीति निर्माण गरी सबै तहका शैक्षिक निकायमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । त्रिभुवन विश्वविद्यालय विश्वका विश्वविद्यालयहरूसँग सहकार्य गरी समावेशी शिक्षाको पूर्ण कार्यान्वयन गर्न प्रतिबद्ध छ ।"

समावेशी र विशेष आवश्यकता शिक्षामा लामो समयदेखि प्राध्यापनरत प्रा.डा. बासुदेव काफ्लेले समावेशी शिक्षाले सबैप्रकारका शारीरिक एवम् मानसिक अवस्थाका बालबालिकाको सम्मानपूर्वक बाँच्न पाउने सामाजिक न्यायको अधिकार संरक्षण गर्ने र समाजलाई थप व्यवस्थित र जिम्मेवार बनाउने धारणा व्यक्त गर्नुभयो । उहाँले सम्मेलन आयोजना गर्न सहयोग गर्ने नोरेड प्रोजेक्ट, ओस्लोमट विश्वविद्यालय, क्याम्ब्रिज विश्वविद्यालय, इनल्याण्ड नर्वे विश्वविद्यालय लगायत्का उच्चशिक्षा संस्थाहरूलाई विशेष धन्यवाद पनि दिनुभयो ।




*समावेशी शिक्षा सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

सम्मेलनमा समावेशी शिक्षाको पाठ्यक्रम, शैक्षिक मुद्दा, प्रस्तुतीकरण, कक्षा व्यवस्थापन, विद्यार्थीहरूको संलग्नता, विविधता व्यवस्थापन, सामाजिक न्याय, उच्चशिक्षामा अवसर, प्रविधिको प्रयोग, सहयोग प्रणाली निर्माण, अनुसन्धानमूलक समावेशी शिक्षा, दिगो अवसर लगायत् अपाङ्गता र अशक्तता भएका बालबालिकाहरूको शिक्षामा समग्र रूपान्तरणका विषयमा नर्वे, भारत,

नेपालस्थित नर्वेजियन राजदुतावासका कसुन्लर क्रिष्टिना स्टोहोल्टले नेपाल सरकार लगायत् देशका नियामक निकायहरूले समावेशी शिक्षाको

आवश्यकतालाई गम्भिरतापूर्वक लिँदै कानुनी संरचनामा व्यापक सुधार गरी कार्यान्वयन गर्नुपर्ने र नेपालजस्तो मुलुकलाई अनुभवी राष्ट्रिय-अन्तरराष्ट्रिय संघसंस्थाहरूले सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँको भनाइ थियो, "नेपालमा प्रक्रियागत र नीतिगत समस्या, अभाव र गरिबी, अशिक्षा, बञ्चितीकरण, सामाजिक-सांस्कृतिक विभेद लगायत्का विभिन्न कारणले सबैले समान शिक्षा प्राप्त गर्नसकेका छैनन् । यस्तो अवस्थामा नीतिगत रूपमा सबैले एकजुट भई काम गर्नुपर्दछ ।"

नेपाल सरकार र यहाँका उच्चशिक्षा प्रदायक निकायले समावेशी शिक्षाको आवश्यकतालाई क्रमशः महत्व दिँदै आइरहेका र समावेशी शिक्षाको कार्यान्वयनका लागि उपयुक्त वातावरण निर्माण हुँदै गइरहेको देखेर उत्साहित भएका ओस्लोमेट विश्वविद्यालयका डा. हायर हायरस्टडले भन्नुभयो, "हामीले अवसर आफैं र आफ्नै परिवेशमा निर्माण गर्नुपर्दछ । त्यस दिशामा नेपालका विभिन्न निकायहरूसँग ओस्लोमेट विश्वविद्यालयले सहकार्य गरिरहेको छ ।"

नर्वेस्थित इनल्याण्ड नर्वे विश्वविद्यालयका सहायक डीन डा. सुसान नेसइले विशेष अवस्थामा भएका बालबालिकाहरूको अभिव्यक्त गर्ने, सिक्ने, आफूलाई प्रमाणित गर्ने, समाज र परिवारका विभिन्न शैक्षिक कार्यमा संलग्न हुनपाउने अधिकारको प्रत्याभूति हुनुपर्ने, सरकार र समाजका विभिन्न संघसंस्थाले विशेष अवस्थाका विद्यार्थीहरूलाई निर्भयका साथ कक्षाकोठामा जाने र अध्ययन गर्न पाउने अवस्था निर्माणका लागि सहकार्य गर्नुपर्ने बताउनु भयो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. बैकुण्ठ अर्यालले सबैका लागि पढ्न सीमितताबाट उठ्ने अवसर, विभेदरहित व्यवहार, जीवन जिउने अधिकार तथा स्तरीय शिक्षाको अधिकार एवम् अवसरका लागि विश्वका अनुभवी र अनुसन्धानमा पोख्त विश्वविद्यालयसँगको सहकार्य अनिवार्य भएको कुरामा जोड् दिँदै भन्नुभयो, "हामीले समावेशी शिक्षामा नीतिगत सुधार गरेका छौं । सामाजिक न्यायको प्रत्याभूति गर्ने जमर्को गरिरहेका छौं । विशेष अवस्थाका विद्यार्थीलाई लैङ्गिक विभेद, सामाजिक बञ्चितीकरणबाट मुक्त गर्दै उनीहरूको पठन-पाठनमा प्रयोग हुने शैक्षिक विधि र पाठ्यक्रममा समेत् व्यापक सुधार गर्नुपर्ने खाँचो छ । त्यसका लागि सबै निकायको सहकार्य र समन्वयबाट शिक्षकहरूलाई समेत् तालिम उपलब्ध गराई समावेशी शिक्षामा व्यापक सुधार गर्न सकिनेछ ।"

# उपप्रशासकहरूलाई सेवाकालीन तालिम

त्रिभुवन विश्वविद्यालय समन्वय महाशाखाले पुस १-१० मा त्रिविका उपप्रशासक वा सो सरहका सबै सेवा समूहका कर्मचारीहरूको सेवाकालीन तालिम आयोजना गरेको छ । तालिममा त्रिविका देशभरका विभिन्न निकायमा कार्यरत ४५ जना कर्मचारी सहभागी भएका छन् ।

जनप्रशासन क्याम्पस, बल्खुस्थित जनप्रशासन केन्द्रीय विभागमा सञ्चालित तालिमको उदघाटन त्रिवि कानून सङ्कायका डीन प्रा.डा. कृष्णप्रसाद बस्यालले र समापन त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले गर्नुभएको थियो । तालिमका सहभागीसँगको साक्षात्कारमा रजिष्ट्रार रिजालले कर्मचारीलाई समयअनुसार दक्ष बनाउन विभिन्न चरणका तालिम उपलब्ध गराउने जानकारी दिँदै भन्नुभयो, "विश्वविद्यालयको स्थायी सरकार मानिने कर्मचारीहरू जिम्मेवार, अनुशासित र जवाफदेही हुनुपर्दछ । तपाईं उपप्रशासक तहका कर्मचारीहरूले समग्र कर्मचारीतन्त्रलाई प्रविधिमैत्री बनाएर र राजनीतिक रूपमा तटस्थ भएर संस्थागत विकासमा लाग्ने वातावरण निर्माण गरेर महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुहुनेछ र गर्नु पनि हुनेछ भन्नेमा म आशावादी छु ।"

डीन बस्यालले त्रिभुवन विश्वविद्यालयको प्रशासनिक क्षमता अभिवृद्धि गर्न, संस्थागत कार्यमा एकरूपता ल्याउन, आर्थिक र प्रशासनिक गतिविधि नियमानुसार सञ्चालन गर्न र सेवाको प्रभावकारिता एवम् स्तरियता बढाउन तालिमको महत्वपुर्ण भूमिका हुने धारणा व्यक्त गर्दै भन्नुभयो, "तर तालिमको उपादेयता कर्मचारीहरूको सिकाइमा निर्भर गर्दछ । तपाईंहरूले सिकेका कुरालाई अधिकतम उपयोग गरेर तालिमलाई उपयोगी बनाउनु हुनेछ भन्ने मलाई विश्वास छ ।"

त्रिवि सामान्य प्रशासन महाशाखाका प्रमुख राजुकुमार श्रेष्ठले विगतमा माथिल्लो तहका कर्मचारीलाई तालिममा सहभागी हुने अवसर सजिलै प्राप्त नहुने गरे पनि हाल सबै तहका कर्मचारीले तालिमको अवसर पाएका जानकारी दिँदै भन्नुभयो, "यो अवसरलाई उपयोग गर्दै तपाईंहरूलाई अनुभवी विज्ञहरूबाट धेरै कुरा सिकेर

कार्यालयको प्रयोगमा उतार्नु हुन अनुरोध गर्दछु । तालिमकै क्रममा चाहिँ यसलाई अन्तरक्रियात्मक बनाई आपसमा छलफल गरेर ज्ञान र दक्षता बढाउन सिक्ने र सिकाउने प्रयोगशालाको रूपमा ग्रहण गर्नुपर्दछ ।"

तालिममा जनप्रशासन केन्द्रीय विभागका प्रमुख डा. नरेन्द्र पौडेलले त्रिविका सबै तहका कर्मचारीको क्षमता अभिवृद्धि गर्न पाठ्यक्रम बनाइएकोले सोही पाठ्यक्रमका आधारमा सबैको ज्ञान तथा दक्षता अभिवृद्धि गरिने जानकारी दिनुभयो । त्रिवि समन्वय महाशाखाका निमित्त प्रमुख दिपक तिवारीले तालिमको उद्देश्यबारे जानकारी दिँदै अनुशासित ढङ्गले तालिममा सहभागी भई सिक्ने र सिकाउने काममा लाग्ने सबैलाई धन्यवाद दिनुभयो । तालिममा नेपाल सरकारका पूर्व मुख्यसचिवहरू लीलामणी पौड्याल र विमल कोइराला, पूर्व सचिवहरू शरदचन्द्र पौडेल र कृष्णहरी बास्कोटा, सहसचिवहरू बैकुण्ठ अर्याल, सुवास शिवाकोटी र प्रदीप परियार, नायब महालेखा परीक्षक शंकरप्रसाद पन्थी, त्रिवि सामान्य प्रशासन महाशाखा प्रमुख राजु कुमार श्रेष्ठले प्रशिक्षण गर्नुभएको थियो ।



*त्रिवि रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालका साथमा सेवाकालिन तालिममा सहभागी उपप्रशासक तहका कर्मचारीहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाबाट प्रकाशित त्रिवि बुलेटिन निम्न वेबसाइटमा पनि उपलब्ध छ ।

***www.tu.edu.np***

# 'फोस्टरिङ ग्लोबल एकेडेमिक पार्टनरशीप'

त्रिवि अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रले मङ्सीर २८ मा विश्वविद्यालयको नीतिगत नेतृत्वमा रहेका विज्ञहरूलाई अन्तरराष्ट्रिय शैक्षिक सहकार्यमा बढावा दिने उद्देश्यले 'फोस्टरिङ ग्लोबल एकेडेमिक पार्टनरशीप' शीर्षकको कार्यशाला गोष्ठी आयोजना गरेको छ ।



*त्रिवि अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रद्वारा आयोजित 'फोस्टरिङ ग्लोबल एकेडेमिक पार्टनरशीप' शीर्षकको कार्यशाला गोष्ठीमा सहभागीहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

गोष्ठीका प्रमुख अतिथि अमेरिकन एसोसिएशन अफ कलेज एण्ड युनिभर्सिटिज्का अध्यक्ष डा. लीयान पासक्युरेलाले मानवअधिकारको रक्षा, लोकतान्त्रिक विकास, समाजिक हित प्रबर्द्धन र मानवीय मूल्यमान्यताका विषयले उच्चशिक्षामा विशेष महत्व पाउनुपर्ने उल्लेख गर्नुभयो । "उच्चशिक्षामा विज्ञान र प्रविधिका विषयको मात्रै आकर्षण बढी हुँदा मानवीय पक्ष सङ्कटमा पर्दै गइरहेको छ । विश्वमा भैरहेको भौतिक र आर्थिक विकासको कारण भविष्यमा मानवजाति नै सङ्कटमा पर्ने जोखीम बढिरहेकोले उच्चशिक्षाका निकायले यस विषयवस्तुको गम्भिरतापूर्वक अध्ययन गरी उच्चशिक्षा भविष्यमा के-कस्ता विषयमा केन्द्रित हुनुपर्ने हो, समीक्षा गर्न जरूरी छ ।"

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले उच्चशिक्षामा पाठ्यक्रम, विषयविज्ञको अनुभव, प्रयोगशाला, शैक्षिक मुद्दा र विषय, अध्ययन विधि र प्रणालीका बारेमा सबै देशमा एकरूपता कायम गर्नुपर्ने धारणा व्यक्त गर्दै भन्नुभयो, "उच्चशिक्षा कुनै भौगोलिक, राजनीतिक, सामाजिक र सांस्कृतिक पक्षमा मात्रै सीमित नभई विश्वासलाई जोडने महत्वपूर्ण संयन्त्र हुनुपर्दछ ।"

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. तीर्थराज खनियाले उच्चशिक्षामा सबैको पहुँच विस्तार गर्न, लगानी बढाउन र स्तरीय अनुसन्धानलाई प्रोत्साहन गर्न शैक्षिक सहकार्य अनिवार्य भएको बताउँदै नेपालजस्तो उच्चशिक्षामा लामो इतिहास नभएको मुलुकले अमेरिकी लगायत् उच्चशिक्षामा सयौं वर्षको अनुभव भएका विश्वविद्यालयहरूसँगको सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड् दिनुभयो । अमेरिकन एसोसिएशन अफ

कलेज एण्ड युनिभर्सिटिज्का सहअध्यक्ष डा. डन मिसेल ह्वाइहेडले अमेरिकाको शैक्षिक अनुभवबाट नेपालले प्रशस्त सुधारात्मक र उपचारात्मक विधि अपनाई उच्चशिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन सक्ने सुझाव दिनुभयो । उहाँको धारणा थियो, "उच्चशिक्षामा नीतिगत एकरूपता, विश्वसनीय लगानी र अन्तरराष्ट्रिय सहकार्य अत्यावश्यक हुन्छ । नेपालका विश्वविद्यालयहरूमा लगानी अपुग छ ।"

कार्यशाला गोष्ठीमा नेपाल प्राध्यापक संघका अध्यक्ष प्रा.डा. रमेश कुमार जोशीले 'त्रिभुवन विश्वविद्यालयको क्षमता अभिवृद्धि', त्रिवि प्राध्यापक संघका अध्यक्ष प्रा.डा. बसन्त ढकालले 'त्रिभुवन विश्वविद्यालयमा शैक्षिक सहकार्य र संयुक्त अनुसन्धानको महत्व' र नेपाल सामुदायिक क्याम्पस संघका अध्यक्ष डा. शत्रुघन प्रसाद गुप्ताले 'सामुदायिक क्याम्पसहरूको अन्तरराष्ट्रियकरण' शीर्षकका कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । गोष्ठीमा त्रिवि अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक विनोद जोशीले विश्वविद्यालयको शैक्षिक एवम् प्रशासनिक अवस्थाको चित्रण गर्नुभएको थियो भने योजना निर्देशनालयका निमित्त निर्देशक डा. प्रेम बहादुर थापाले विश्वविद्यालयको रणनीतिक योजना 'टियु भिजन सन् २०३०' माथि प्रकाश पार्नुभएको थियो ।

# जलवायु परिवर्तनबाट गरिबी र असमानता वृद्धि

त्रिभुवन विश्वविद्यालय भूगोल केन्द्रीय विभागले मङ्सीर २०-२१ मा जलवायु परिवर्तनको असर सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरेको छ । गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतिथि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जलवायु परिवर्तनले नेपाली समाजमा गरिबी र असमानता बढाएको बताउनु भयो । हरितगृह ग्याँसको उत्सर्जनबाट सबैभन्दा ठूलो असर किसानहरूलाई परेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनका असरसँग जुध्न वातावरण अनुकूलनका कार्यक्रम लागू गर्न जोड् दिनुभयो । त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले विभिन्न संस्था र त्रिविबीच यस विषयमा




*भूगोल केन्द्रीय विभागद्वारा आयोजित जलवायु परिवर्तनको असर सम्बन्धी कार्यशाला गोष्ठीका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

भएका सम्झदारीहरू कार्यान्वयन हुनुपर्ने कुरा उठाउनु भयो ।

कार्यशाला गोष्ठीमा शोधपत्र प्रस्तुत गर्दै चिनियाँ अनुसन्धानकर्ता डा. लियु लिंसानले विश्वको वातावरणीय चक्रीय प्रणाली बिग्रिएपछि एक डिग्री तापक्रम बढेको र सो तापक्रम वृद्धिका कारण तिब्बतका नदीहरूमा पानीको बहाव बढेको उल्लेख गर्नुभयो । उहाँले जलवायु परिवर्तनबाट चीनका किसानहरू पनि ठूलो मारमा परेको बताउनु भयो ।

यसैगरी बाङ्गलादेशका अनुसन्धानकर्ता प्रा. सुरेश चन्द रायले जग्गाजमीनको क्षेत्रफल घट्दै गएपनि अत्यधिक मात्रामा रासायनिक मल र विषादिको प्रयोगले कृषि उत्पादन बढेको उदाहरण प्रस्तुत गर्दै भन्नुभयो, "यसको असरले भारतको हरियाणा र पञ्जाबका कृषकहरूमा क्यान्सर रोगीको सङ्ख्या अविश्वसनीय रूपमा बढेको छ । दक्षिणी पञ्जाबमा विश्वमै अचम्मलाग्दो गरी क्यान्सर रेल सञ्चालन भएको छ ।" पचास जनाभन्दा बढी विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको सो गोष्ठीमा नेपाल, भारत र चीनका अनुसन्धानकर्ताहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीको उद्‌घाटनको अवसरमा प्रा. उमेश कुमार मण्डलले स्वागत मन्तव्य दिनुभएको थियो भने प्रमुख अनुसन्धानकर्ता प्रेम सागर चापागाईंले अहिलेको शोधकार्यको निश्कर्षले दक्षिण एसियाका सरकारहरूलाई वातावरण परिवर्तनका असरसँग जुध्ने ठोस कार्यक्रम र नीति तर्जुमा गर्न घच्घच्याउने विश्वास व्यक्त गर्नुभएको थियो ।

# व्यवस्थापन सङ्कायको विद्यापरिषद् बैठक

त्रिवि व्यवस्थापन सङ्कायको विद्यापरिषदको पूर्ण बैठक मङ्सीर १० गते सम्पन्न भएको छ । त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको प्रमुख आतिथ्य र सङ्कायका डीन प्रा.डा. डिल्ली राज शर्माको अध्यक्षतामा बसेको बैठकको पहिलो सत्रमा परिषदका अध्यक्ष र सदस्यहरू सहित् करीब सयजना विशिष्ट व्यक्तित्वको उपस्थिति थियो । बैठकमा २०७७ मङ्सीरदेखि २०८१ कार्तिकसम्म परिषदको स्थायी समितिको बैठकले गरेका निर्णयहरूमाथि छलफल गर्दै अनुमोदन गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि उपकुलपति बरालले त्रिविले भविष्यलाई निर्देशन गर्नसक्ने शैक्षिक कार्यक्रम ल्याउन लागेको बताउनु भयो । उहाँको भनाइ थियो, "अब त्रिविले पनि विद्यार्थीहरूलाई विदेश जानबाट रोक्न सिजनमा काम गर्ने र अफ-सिजनमा अध्ययन गर्ने वातावरण तयार गर्नेछ ।" कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सहायक डीन सहप्राध्यापक हरि प्रसाद अधिकारीले व्यवस्थापन सङ्कायले विभिन्न अवसरको उपयोग र चुनौतीको सामना गर्दै शैक्षिक कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिरहेको र परीक्षा, प्रशासन र अनुसन्धान कार्यलाई अझै व्यवस्थित र चुस्त पार्नुपर्ने स्पष्ट गर्नुभयो ।

बैठकमा जानकारी दिइएअनुसार, व्यवस्थापन सङ्कायका २७ वटा शैक्षिक कार्यक्रममा आबद्ध तीन लाख विद्यार्थीमध्ये छात्र ५२ र छात्रा ४८ प्रतिशत छन् । सङ्काय अन्तर्गत सम्बन्धनप्राप्त गर्ने कलेजहरूको सङ्ख्या ७०० छ । सङ्कायको सेमेस्टर प्रणालीका विद्यार्थीहरूको उत्तीर्ण दर सरदर ८५ प्रतिशत छ भने वार्षिक प्रणालीका विद्यार्थीहरूको परीक्षाको नतीजा निकै कम छ । यही अवधिमा सङ्कायले विभिन्न विषयका २५० वटा नयाँ पाठ्यक्रम लागू गरेको छ । व्यवस्थापन सङ्कायकै मातहतमा सञ्चालित स्कूल अफ मेनेजमेण्टतर्फ स्नातकोत्तर तहका एमबिए, एमबिए-आईटी, एमबिए-एफ, एमबिए-ग्लोबल लिडरसिप एण्ड मेनेजमेण्ट जस्ता चारवटा बजारमुखी कार्यक्रम सञ्चालन भइरहेका छन् ।

बैठकमा व्यवस्थापनका विद्यार्थीलाई समुदायसँग जोड्न विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय र स्थानीय संघसंस्थासँग समझदारी र सहकार्य गर्नथालेको जानकारी पनि दिइएको छ । सङ्कायका डीन प्रा.डा. डिल्ली राज शर्माले यो कामबाट विद्यार्थीहरूको अनुभव, कार्यक्षमता र दक्षता बढ्ने विश्वास व्यक्त गर्दै भन्नुभयो, "विद्यार्थीहरूको चापलाई ध्यानमा राखेर गुणात्मक शिक्षा दिनु अपरिहार्य भएकाले एमबिएस कार्यक्रमलाई विस्तार गरेर बजारको माग अनुसार अगाडि बढ्न लागेका छौं । नयाँ क्याम्पस र शिक्षण संस्थामा सङ्कायका नयाँ शैक्षिक कार्यक्रम थप्ने र विस्तार गर्ने काम गरिँदैछ ।




*व्यवस्थापन सङ्कायको विद्यापरिषद् बैठकलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

सङ्कायका विद्यार्थीको परीक्षाको नतीजा परीक्षा सकिएको ९० दिनभित्र प्रकाशित गरिनेछ ।"

बैठकमा वित्तीय प्रशासनतर्फ मितव्ययिता र पारदर्शितालाई ध्यानमा राख्दै त्रिवि सुधार सम्बन्धी रणनीति कार्यान्वयन गर्ने र गुणात्मक आधुनिक प्रविधिको प्रयोग गरी विद्यार्थीलाई ज्ञान, सीप र दक्षता आर्जन गर्न सघाउने सङ्कायको प्रतिबद्धता व्यक्त भएको छ ।

बैठकले सम्बन्धन सम्बन्धी ३२, पाठ्यक्रम परिमार्जन र नयाँ पाठ्यक्रम स्वीकृति तथा सिफारीशसम्बन्धी ४६ र परीक्षाका विभिन्न कामसँग सम्बन्धित २७ वटा निर्णय गरेको छ । त्यस्तै आर्थिक विषयका १०, उपाधि स्थापनासम्बन्धी दुई र अन्य ५७ वटा निर्णय पारित गरेको छ । त्यस्तै अन्य विविध विषयमा एक दर्जन जति निर्णय भएको बैठकमा जानकारी गराइएको छ ।

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# विज्ञानका शोधपत्रको प्रदर्शनी

त्रिवि विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालयले कीर्तिपुर स्थित विज्ञान परिसरमा एम.एस्सी. शोधपत्र प्रदर्शनी (M.Sc. Dissertation Meet) आयोजना गरेको छ ।

करीब दुई हजार विद्यार्थीले अवलोकन गरेको प्रदर्शनीको उद्घाटन त्रिविका उपकुलति प्रा.डा. केशरजङ्ग बरालले गर्नुभयो । सो अवसरमा त्रिविमा अध्यापन हुने विज्ञानका तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विनिल अर्यालले शोधपत्रको प्रस्तुति र प्रदर्शनीबाट विद्यार्थीहरूले शोधपत्र कसरी तयार गर्ने र कसरी अनुसन्धान गर्ने भन्ने कुरा जान्ने,




*विज्ञान तथा प्रविधि अध्ययन संस्थानद्वारा आयोजित शोधपत्र प्रदर्शनी कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी. ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

मङ्सीर ११-१२ मा आयोजित उक्त प्रदर्शनीमा १२ वटा विभागका २५० शोधपत्र प्रस्तुत गरिएको थियो । प्रदर्शनीमा विद्यावारिधि तहमा अध्ययन गर्ने अनुसन्धानकर्ता समेत् सहभागी भएका थिए । विभिन्न विषयहरू व्यवहारोपयोगी र मानवोपयोगी हुनुपर्ने धारणा व्यक्त गर्दै उहाँले भन्नुभयो, "हामीले हाम्रो कामले बाहिर चिनिनु पर्दछ र शिक्षालाई उत्पादनसँग जोड्नु पर्दछ ।"

कार्यक्रमलाई सम्बोधन गर्दै विज्ञान बुझ्ने अवसर पाउने स्पष्ट गर्नुभयो । प्रदर्शनी उद्घाटनको कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष, रजिष्ट्रार, प्रिन्सिपल, प्रोक्टर, विभागीय प्रमुख र विद्यार्थी संघ, सङ्गठनका प्रतिनिधिहरू समेत् सहभागी हुनुहुन्थ्यो ।

# अनुसन्धान अनुदान कोषको अनुदान सम्झौता सम्पन्न

मङ्सीर १३ र १९ गते त्रिवि अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. ईश्वर कोइराला र त्रिविको अनुसन्धान अनुदान कोष अन्तर्गत स्नातकोत्तर तथा विद्यावारिधि शोधप्रबन्ध अनुदान प्राप्त जना विद्यार्थीलाई प्रतिव्यक्ति रू. ५०,००० (पचास हजार)का दरले स्नातकोत्तर शोधप्रबन्ध अनुदान र विद्यावारिधि तहका १८ शोधार्थीलाई रू. ३,००,००० (तीन लाख)का दरलेविद्यावारिधी शोधप्रबन्ध ईश्वर कोइराला र अनुसन्धान अनुदान कोष अन्तर्गत् सहकार्यात्मक अनुसन्धान परियोजना प्राप्त गर्ने अनुसन्धानकर्ताहरूबीच पनि अनुदान सम्झौता सम्पन्न भएको छ । सम्झौतापत्र



*त्रिविको अनुसन्धान अनुदान कोष अन्तर्गत् विद्यावारिधि शोधप्रबन्ध अनुदान प्राप्त गर्न सफल शोधार्थीहरू ।*

गर्न सफल शोधकर्ताहरूबीच अनुदान सम्झौता सम्पन्न भएको छ ।

सम्झौताअनुसार स्नातकोत्तर तहका ५० अनुदान प्रदान गरिनेछ ।

यसैगरी पुस ८ गते अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. वितरण कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.को उपस्थिति थियो ।



*त्रिविको अनुसन्धान अनुदान कोष अन्तर्गत् स्नातकोत्तर शोधप्रबन्ध अनुदान प्राप्त गर्न सफल विद्यार्थीहरू ।*

# त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहमा प्रमुख अतिथि डा. राम प्रकाश यादवको सम्बोधन

**यस समारोहका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयका कुलपति एवम् सम्माननीय प्रधानमन्त्रीज्यू, त्रिविका सह-कुलपति माननीय शिक्षामन्त्रीज्यू, त्रिविका उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू एवम् रजिष्ट्रारज्यू, विद्वान सभासद, अभिभावकज्यू, दीक्षित हुनुहुने छात्रछात्रा, पत्रकार मित्र र उपस्थित महिला तथा सज्जन वृन्द– सबैजनामा हार्दिक नमस्कार !**

त्रिभुवन विश्वविद्यालयद्वारा दशरथ रंगशालामा आयोजित आजको यो भव्य पचासौं दीक्षान्त समारोहमा उपस्थित भई प्रमुख अतिथिका हैसियतले दीक्षान्त मन्तव्य दिने सुअवसर प्रदान गर्नुभएकोमा सर्वप्रथम म त्रिभुवन विश्वविद्यालय परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विश्वविद्यालयको अध्ययन समाप्तिपछि आ-आफ्ना विषयमा सफलतापूर्वक दीक्षित भई कार्यक्षेत्रमा प्रवेश गर्न लाग्नुभएका यस दीक्षान्त समारोहमा उपस्थित छात्र-छात्राहरूलाई मेरो हार्दिक बधाइ एवम् मङ्गलमय शुभकामना छ !

एकदिन महात्मा गान्धी 'मौन' बसेका बखत एक व्यक्तिले उहाँलाई आफ्नो जीवनको मुख्य उद्देश्यबारे केही कुरा लेखिदिन आग्रह गरेछन् । यो आग्रह सुनेपछि मुस्कुराउँदै गान्धीजीले उनको कापीमा लेख्नुभयोः "My life is my message". म पनि गान्धीजीको प्रेरणाबाट सोही मन्तव्यलाई आत्मसात गर्दै त्रिविको यस पचासौं दीक्षान्त समारोहमा मेरो जीवनको शुरूवातदेखि वर्तमानसम्मको अवस्था र अनुभव सुनाएर यसबाट तपाईंहरूलाई केही प्रेरणा मिल्न सकोस् भन्न चाहन्छु ।

मेरो जन्म नेपालको सिरहा जिल्लाको विष्णुपुर गाउँपालिका, राजपुर गाउँको एक कृषक परिवारमा २००३ साल आश्विन १ मा भएको थियो । मेरो बुबा अलि-अलि लेख्न-पढ्न सक्ने भए तापनि आमा अनपढ नै हुनुहुन्थ्यो । म राजपुरदेखि १० किलोमिटर दक्षिणको सिरहास्थित श्री चन्द्र हाई स्कूलबाट एसएलसी परीक्षामा २०१७ सालमा प्रथम श्रेणीमा उत्तीर्ण भएँ । तर परिवारको कमजोर आर्थिक अवस्थाका कारण अगाडि पढ्न सम्भव थिएन । म यसैबारे सोचिराखेको बेला भारत, विहारको मधुवनीस्थित एउटा कलेजमा अध्ययनरत सिरहा हाई स्कूलमा गणित पढाउने शिक्षकले मलाई 'तिम्रो अगाडिको पढाइमा म पनि केही सहयोग गर्छु, तिमी हिम्मत नहार । म केही दिनमा आइएस्सीमा तिम्रो भर्ना गराइदिन्छु' भन्नुभयो । उहाँ मलाई असाध्यै माया गर्नुहुन्थ्यो ।

त्यसैबेला अचानक एउटा सरकारी चिट्ठी प्राप्त गरें । त्यो चिट्ठी तत्कालीन श्री ५ को सरकारका शिक्षामन्त्री विश्वबन्धु थापाले लेख्नुभएको रहेछ, जुन आजसम्म सुरक्षित नै राखेको छु । त्यो चिट्ठी यस्तो थियोः

मिति : १२/२/२०१८

प्रिय राम प्रकाश जी,

२०१७ सालमा भएको वार्षिक एसएलसी परीक्षामा प्राप्त गर्नुभएको सफलताको लागि बधाइ छ । तपाईंहरू जस्तै होनहार नेपालीको हातमा नेपाल र नेपालीको भविष्य सुखमय हुनसक्दछ । जुन सफलता तपाईंले आज प्राप्त गर्नुभयो, यसले तपाईंको पथ प्रदर्शन गरोस् । आफ्नो पढाइलाई कायम राख्नुहोला र यससम्बन्धमा मेरो विभागको कुनै सहायता आवश्यक पर्‍यो भने सूचना गर्नुहुनेछ ।

तपाईंको सहयोग अपेक्षित छ ।

श्री राम प्रकाश यादव
राजपुर, सप्तरी ।

स्नेही
विश्वबन्धु थापा
शिक्षामन्त्री

परिवारमा हामी सबै चकित र खुशी भयौं । यही चिट्ठीले मेरो जीवनको प्राज्ञिक मार्ग प्रशस्त गर्‍यो । मैले त्यो चिट्ठी सिरहा हाई स्कूलका प्रधानाध्यापक श्री जानकी रमण लालज्यूलाई देखाएँ । उहाँ त्यो चिट्ठी पढेर निकै खुशी हुनुभयो । साथै डा. डम्बर नारायण यादवलाई मेरो बारेमा एउटा चिट्ठी लेखेर दिँदै भन्नुभयो, "रामप्रकाश ! तिमी यथाशीघ्र काठमाडौं गएर त्रिविमा राजनीतिशास्त्रका प्राध्यापक डा. डम्बर नारायण यादवलाई भेट । उहाँलाई शिक्षामन्त्रीज्यूको र मेरो पनि चिट्ठी देखाउनू । उहाँ

मेरो साथी हुनुहुन्छ । हामी पटना विश्वविद्यालयमा सँगै पढेका हौं । डम्बरजीले केही व्यवस्था गरेर तिमीलाई शिक्षामन्त्रीज्यूसँग भेटाइदिनु हुनेछ ।"

त्यसपछि म सप्तरीको सदरमुकाम राजविराज गएर बडाहाकिमलाई भेटी शिक्षामन्त्रीज्यूको चिठ्ठीका साथै आफ्नो गाउँको जिमिन्दारको सिफारीश पत्र पनि देखाएँ । बडाहाकिमले मेरो दरखास्तमा तुरून्त तोक लगाएर तत्कालै नेपाली नागरिकताको प्रमाणपत्र बनाइदिने व्यवस्था गरिदिनु भयो ।

ती चिठ्ठी र प्रमाणपत्रहरू लिएर म कान्छो काकाको साथमा भारत, विहार प्रान्तको जयनगर, मुजफ्फरपुर हुँदै रक्सौल, अनि वीरगञ्जबाट रेलमा अमलेखगञ्ज र त्यहाँबाट ट्रकमा बसेर काठमाडौं आइपुगें । त्यस रात त्रिपुरेश्वरस्थित अतिथि गृहमा बस्यौं र अर्को दिन काकाको साथी लक्ष्मी बहादुर निरौलाको डेरा पत्ता लगाएर उहाँसँग बस्यौं । तेस्रो दिन हामी डा. डम्बर नारायण यादवलाई भेट्न उहाँको निवास त्रिवि परिसर, त्रिपुरेश्वर पुग्यौं । स्मरणीय के छ भने त्यस बखत त्रिविका प्राध्यापकहरूलाई त्रिपुरेश्वरस्थित सरकारी आवासमा बस्ने व्यवस्था गरिएको हुन्थ्यो । भेटका क्रममा आफ्नो परिचयका साथै चिठ्ठीहरू दियौं । डा. यादवले 'शिक्षामन्त्रीज्यूलाई भेट्ने व्यवस्था गरिदिन्छु' भन्नुभयो ।

यसै बीचमा मैले कोलम्बो प्लानअन्तर्गत् B.Sc. (Ag) र ओभरसियर अध्ययनका लागि दरखास्त दिएँ । त्यसै क्रममा B.Sc. (Ag) को अन्तरवार्तामा पुगेर मौखिक जाँच पनि दिएँ । केही दिनपछि शिक्षामन्त्रीज्यूसँग पनि भेट भयो । त्यस भेटमा उहाँलाई आफ्नो नाममा लेखिएको शिक्षामन्त्रीज्यूकै चिठ्ठी समेत् देखाएँ । मलाई भेट्नु अगाडि शिक्षा विभागका निर्देशक B.Sc. (Ag) को परीक्षाको नतीजा सदर गराउन मन्त्रीज्यूलाई भेट्न आउनु भएको रहेछ । मेरो नाम 'राम प्रकाश यादव' पनि त्यो लिष्टमा छ जस्तो मन्त्रीज्यूलाई लागेपछि उहाँले आफ्नो निजी सचिवलाई बोलाएर बुझ्न लगाउनु भयो । मेरो नाम लिष्टमा रहेछ । यो कुराको जानकारी दिँदै मन्त्रीज्यूले मलाई मैथिली भाषामा भन्नुभएको थियो, "B.Sc. (Ag) के रिजल्ट मे तोहर नाउँ छइ, तोरा बहुत बधाइ देइछी, खुब बढीया से पढीक आऊ और देश के सेवा करू !" उहाँले मलाई गर्नुभएको यस्तो आत्मीय व्यवहारबाट म धेरै खुशी भएँ र मन्त्रीज्यूलाई धन्यवादका साथै कृतज्ञता ज्ञापन गरें । एउटा दुर्गम गाउँको गरीब परिवारमा जन्म लिएको केटोलाई कोलम्बो प्लानअन्तर्गत B.Sc. (Ag) मा अध्ययन गर्ने मौका मिलेकोमा म असाध्यै खुशी भएँ । यो अवसर मेरो जीवनको अर्को महत्वपूर्ण मोड थियो ।

यी सबै कुरा सम्झँदा अहिले लाग्छ कुनै अद्भूत, अदृश्य शक्तिले मलाई B.Sc. (Ag) पढ्ने अवसर जुटाइदिएको थियो । पहिलो कुरा त शिक्षामन्त्रीको पत्रमा मेरो ठेगाना 'श्री राम प्रकाश यादव, राजपुर, सप्तरी' लेखिएको थियो । त्यसबेला सिरहा पनि सप्तरी जिल्ला अन्तर्गत नै थियो, छुट्टै जिल्ला बनेको थिएन । त्यसकारण त्यो चिठ्ठी मेरो गाउँको घरमा आइपुग्नु नै अचम्मको कुरा थियो । दोस्रो B.Sc. (Ag) को लिष्टमा मेरो नाम हुनु पनि आश्चर्यको कुरा थियो । फलस्वरूप, म आज दीक्षित तपाईं छात्रा-छात्राहरूलाई 'कुनै वस्तुको लागि Intense Desire छ भने त्यो प्राप्त हुनसक्छ' भन्ने शिक्षा लिन सकिन्छ भन्न चाहन्छु ।

वृहदारण्यक उपनिषद्को भाग ४ मा यस्तो उल्लेख गरिएको छः

You are what your deep, driving desire is.
As your desire is, so is your will.
As your will is, so is your deed.
As your deed is, so is your destiny.

म B.Sc. (Ag) पढ्न भारतको भुवनेश्वर, उडीसा पुगें । त्यस बखत मैले मनमा अठोट गरेको थिएँ– म जसरी पनि B.Sc. (Ag) को अन्तिम परीक्षामा आफ्नो कक्षामा प्रथम स्थान हासील गर्नेछु । सोही उद्देश्यका साथ असाध्यै मिहिनेत गरेर पढें । नभन्दै २५६ जना विद्यार्थी अध्ययनरत आफ्नो कक्षामा दोश्रो स्थान हासील गर्न सफल भएछु ।

**विचार शक्ति : तपाईं आफ्नो विचार शक्ति हरहमेशा सकारात्मक राखी मेहनत गर्नुहुन्छ भने निश्चय नै आफ्नो उद्देश्य पूरा गर्न सफल हुनुहुनेछ । तपाईंको कामलाई केवल एक जनाले मात्र सफल पार्न सक्दछ, त्यो एक जना भनेको तपाईं स्वयम् नै हो ।**

मैले हरहमेशा पढ्दा यही दृढ इच्छाले पढें कि यहाँबाट B.Sc. (Ag) राम्ररी पढेर देशमा गएपछि कृषि र ग्रामीण विकासमा जनताको सेवा हुन्छ र यही सेवाभावले कुनै काम गर्‍यो भने

त्यसलाई सफलताको सङ्ज्ञा दिन सकिन्छ । श्री परमहंश योगानन्दले भन्नु भएको छः Life should be chiefly service.

अर्को कुरा, सफलता प्राप्त गर्न सकारात्मक विचारका साथै इच्छाशक्ति' (willpower) को प्रयोग गर्नु र हमेशा कार्यशील रहनु पर्दछ । तपाईंको सबै शक्तिको स्रोत इच्छाशक्ति नै हो । त्यस्तो इच्छाशक्तिको प्रयोग रचनात्मक वा सेवामूलक उद्देश्यका लागि हुनुपर्छ न कि नकारात्मक वा हानिकारक उद्देश्यका लागि ।

**जागिरको थालनी**

B.Sc. (Ag) को अन्तिम परीक्षाको मार्कशीट र प्रमाणपत्र राजपुर घरमा नै आइपुग्यो । तिनै प्रमाणपत्र र मार्कशीट लिएर म काठमाडौं गएँ र जागीर खोज्न थालें । झण्डै दुई महिनाको प्रयासपछि छुट्टीको दिन बाहेक रू.१० प्रतिदिन पाउने गरी कृषि विभागबाट कृषि प्रसार शाखा, श्री महल, ललितपुरमा ज्यालादारी कामको नियुक्तिपत्र लिएर काम गर्न थालें । कृषि प्रसार शाखामा हाजिर भएको केही दिनमै मलाई कृषि स्कूल, मीनभवन नयाँ वानेश्वरमा कृषि प्रसार विषय पढाउने काममा लगाइयो र पछि कृषि स्कूलमै सरूवा गरियो । कृषि स्कूलमा जे.टी. र जे.टी.ए. तालिम लिने छात्र-छात्रालाई पढाउने गरिन्थ्यो । मलाई पढाउन मन लाग्थ्यो र मेरो पठनपाठनबाट विद्यार्थीहरू पनि खुशी हुन्थे ।

**'फुलब्राइट-हेज' छात्रवृत्ति**

कृषि स्कूलमा कार्यरत रहँदा नै U.S. Educational Foundation in Nepal (USEF/N) ले उच्चशिक्षा अर्थात् M.S./Ph.D. भर्नाका लागि सूचना प्रकाशित गऱ्यो । मैले M.S. तहमा Agricultural Economics विषय अध्ययनका लागि दरखास्त दिएँ । त्यसमा पनि सफलता प्राप्त भयो । USEF/N ले मलाई अमेरिकाका विश्वविद्यालयमा भर्ना गराउन पहल गऱ्यो । यता मैले आफू कार्यरत कृषि मन्त्रालयमा दुई वर्षको अवैतनिक विदाका लागि दरखास्त दिएँ र त्यो पनि स्वीकृत भयो ।

USEF/N को पहलबाट अमेरिकाको ओरेगन विश्वविद्यालय (Oregan State University, Corvallis) को Department of Agricultural Economics मा M.S. (Ag) अध्ययनका लागि मलाई भर्नाको स्वीकृति प्राप्त भयो । फलस्वरूप USEF/N को छात्रवृत्तिमा जुन १९६९ मा पहिलो दुई महिना अभिमुखीकरण (Orientation) कक्षाका लागि अमेरिकाको कोलोराडो विश्वविद्यालय (University of Colorado, Boulder) को Economic Institute मा गएँ र पछि मात्र ओरेगन विश्वविद्यालय पुगें ।

ओरेगनको भर्ना कमिटीले मलाई M.S. (Ag) को सट्टा Undergraduate Study को जुनियर तहमा मात्र भर्ना गर्नसकिने जानकारी दियो । त्यस बखत मैले हाई स्कूलमा १० वर्ष र B.Sc. (Ag) मा चार वर्ष गरी नेपालको प्रणालीअनुसार १४ वर्ष अध्ययन गरेर Graduate Level उत्तीर्ण गरेको थिएँ । तर अमेरिकामा Graduate Level सम्म १६ वर्षको अध्ययन पूरा गरेपछि मात्र Post-graduate Level अर्थात् M.S. (Ag) मा भर्ना लिनपाइने व्यवस्था रहेछ । त्यसैले मलाई पहिलो एक वर्ष जुनियर र अर्को एक वर्ष सिनियर क्लास पास गरेपछि मात्र M.S. (Ag) मा भर्ना गरिने जानकारी दिइयो । यता USEF/N ले मलाई Master's Degree अध्ययन गर्न दुई वर्षको लागि मात्र फुलब्राइट छात्रवृत्ति (Fulbright Scholarship) दिएको थियो ।

मैले ओरेगन विश्वविद्यालयको Department of Agriculture Economics का एडभाइजर प्रा.डा. ब्लाञ्च (Prof. Dr. Blanch) लाई आफ्नो समस्या सुनाएँ । उहाँले मलाई विभागीय प्रमुख प्रा.डा. एमेरी कासल (Prof. Dr. Emery Castle) कहाँ लगेर मेरो भर्नासँग सम्बन्धित कुरा अवगत गराउनु भयो । कोलोराडो विश्वविद्यालयको Economic Institute का डीनले मेरो Recommendation मा लेख्नु भएको थियो, "Ram Prakash Yadav has performed very well in the institute, so recommend that he can be admitted directly in the Ph.D. program". डीन कासल आफैंले इन्स्टिच्यूटका प्रमुखलाई फोन गरेर सोध्दा पनि उहाँले राम प्रकाशले आफ्नो इन्स्टिच्यूटमा सबै विषयमा टप गरेको हुनाले त्यस्तो सिफारीश गरेको कुरा दोहोऱ्याउनु भएको थियो ।

डा. कासलले यी सबै कुरा उल्लेख गरेर ओरेगन विश्वविद्यालयको भर्ना कमिटीका प्रमुखसमक्ष मलाई Agriculture Economics को M.S. Program मा भर्ना गरिदिन आग्रह गर्नुभयो । तर भर्ना कमिटीका प्रमुखले त्यही १४ वर्षको तर्क अघि सारेर

Undergraduate को जुनियर कक्षामै भर्ना गर्ने अडान लिनुभयो र त्यस ट्राइमेस्टरमा मेरो भर्ना जुनियर कक्षामै हुनेभयो, जसमा मैले Graduate Level का तीन विषय र Undergraduate Level को एउटा विषय अङ्ग्रेजी लिएर अध्ययन गर्न शुरू गरें । त्यस क्रममा मैले खुब मेहनतका साथ ती विषय अध्ययन गरें र सबैमा 'ए' ग्रेड ल्याएँ । विभागीय प्रमुख डा. कासलले मलाई दोस्रो ट्राइमेस्टरको भर्नामा पनि Master's Level अध्ययनका लागि सिफारीश गरेका थिए । तर भर्ना कमिटीले स्वीकार नगरेकोले यो ट्राइमेस्टरमा पनि Graduate Level का तीन विषय र Undergraduate Level को एक विषय लिएर अध्ययन गरें र सबै विषयमा 'ए' ग्रेड ल्याएँ ।

दुवै ट्राइमेस्टरमा सबै विषयमा अब्बल नतीजा ल्याउन सफल भएर पनि भर्ना कमिटीले मलाई Master's Level मा लिन नमानेपछि भने डा. कासलले मेरो केसलाई ओरेगन विश्वविद्यालयका अध्यक्षले अध्यक्षता गर्ने Graduate Council मा पुऱ्याए । पछि काउन्सिलमा जुन दिन मेरो केसमाथि बहस हुने निश्चित भएको थियो, त्यसको एक दिन अगाडि भर्ना कमिटीले तेस्रो ट्राइमेस्टरमा मलाई Master's program मा भर्ना गरिदियो । त्यतिमात्र नभएर मैले पहिलो र दोस्रो ट्राइमेस्टरमा लिएको Graduate Level Course मेरो M.S.(Ag)का लागि समेत् गणना हुने भयो । विश्वविद्यालयको यो निर्णयपछि भने मलाई निकै सन्तोष मिल्यो र तोकिएको समय अर्थात् दुई वर्षमै मैले ओरेगन विश्वविद्यालयबाट Master's degree प्राप्त गरें ।

ती दुई ट्राइमेस्टरमा गरेको कठीन परिश्रम र दृढनिश्चय (Determination)ले नै मैले चार वर्षको सट्टा निर्धारित छात्रवृत्ति पाउने अवधि दुई वर्षभित्रै M.S. Degree प्राप्त गर्नसकेको थिएँ । मैले जीवनमा सबभन्दा बढी परिश्रम कोलोराडो विश्वविद्यालयको Economic Institute का दुई महिना र ओरेगन विश्वविद्यालयका दुई ट्राइमेस्टरमा गरें होला । त्यस समयमा मलाई Do or Die अवस्थाको मानसिक दवाव परेकोले यो सम्भव भएको थियो । मेरो यस अनुभवबाट तपाईंहरूले पनि केही प्रेरणा लिन सक्नुहुन्छ कि भनेर यहाँ भनेको हुँ । आत्मविश्वास (Faith in oneself) र परमधैर्य (Tremendous perseverance or patience) सफलताका अस्त्रहरू हुन् । स्वामी विवेकानन्द भन्नुहुन्छः Faith, faith, faith in oneself, faith in God- this is the secret of greatness.

उहाँले भन्ने गर्नुभएको अर्को ज्यादै महत्वपूर्ण कुरा पनि उद्धृत गर्न चाहन्छु, जसबारे हामी सबैलाई भ्रम छ जस्तो लाग्दछः He is an atheist who does not believe in himself. The old religions said that he was an atheist who did not believe in God. The new religion says that he is an atheist who does not believe in himself.

**विद्यावारिधिको प्रयास**

त्यसै बीचमा मैले विद्यावारिधि अर्थात् पिएचडी (Ph.D.) को लागि अमेरिकाका विभिन्न विश्वविद्यालयमा दरखास्त पठाएँ । अन्तमा कोर्नेल विश्वविद्यालय (Cornell University, Ithaka, New York) को Department of Agricultural Economics ले Full Assistantship मा पिएचडीमा भर्ना लिने चिट्ठी पठायो । सोहीअनुसार म विद्यावारिधिका लागि कोर्नेल विश्वविद्यालय पुगें ।

मेरो पिचएडीको पढाइ सेप्टेम्बर १९७१ देखि शुरू भयो । मैले करीब दुई वर्षमा कोर्सवर्क सकें । त्यसपछि शोधपत्रका लागि नेपालमा Agriculture Mechanization को स्थितिबारे अनुसन्धान गर्न चाहेको थिएँ र त्यस सम्बन्धमा एडभाइजर प्रा. डानियल जी. सिस्लर (Prof. Daniel G. Sisler) सँग सल्लाह पनि गरें । प्रा. सिस्लर त्रिभुवन विश्वविद्यालयको अनुसन्धान संस्था 'आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा)' का तत्कालीन कार्यकारी प्रमुख पशुपति शम्सेर राणासँग परिचित हुनुहुँदो रहेछ । त्यसैले मलाई नेपालमा अनुसन्धान गर्न आवश्यक सहयोगका लागि उहाँले राणालाई अनुरोधपत्र पठाउनु भयो । राणाले सो अनुसन्धान गर्न आवश्यक सबै खर्च सेडाले व्यहोर्ने तर विद्यावारिधि गरिसकेपछि राम प्रकाश यादवले सोही संस्थामा काम गर्नुपर्ने शर्त राख्नुभएछ । त्यो शर्त उपयुक्त लागेकोले मैले स्वीकृति दिएँ र सोही अनुसार मेरो एडभाइजरले उहाँलाई जवाफ लेख्नुभयो ।

तर अमेरिकाबाट जब म नेपालमा अनुसन्धान गर्न जाने तयारी गर्दै थिएँ, त्यसै बखत मैले नेपालको कृषि शिक्षा र अनुसन्धान विभागको एउटा चिट्ठी प्राप्त गरें, जसमा 'तपाईंको दुई वर्षको विदा सकिएको हुनाले विदा सकिएको मितिमा हाजिर हुन

आउनू, नत्र सेवा नियमावलीअनुसार श्री ५ को सरकारबाट कारवाही गरिनेछ' भन्ने उल्लेख थियो । अमेरिकास्थित नेपाली राजदूतावासलाई पनि पत्रको बोधार्थ पठाइएको र त्यसमा मेरो राहदानी नवीकरण नगर्न निर्देशन समेत् दिइएको रहेछ । चिट्ठी पाएर म आत्तिएँ । चिट्ठीअनुसार मैले विद्यावारिधि पूरा गर्न नपाउँदै नेपाल फर्कनु पर्नेभयो । मनमा दु:ख पनि लाग्यो ।

मैले प्रा. सिस्लरलाई त्यो चिट्ठी र बोधार्थबारे जानकारी गराएँ । उहाँले वासिङ्गटन डि.सी.स्थित नेपाली राजदुतावासमा राजदूतलाई सम्पर्क गरी म तथा मेरो समस्याबारे जानकारी गराएर भेट्ने समय लिनुभयो । त्यस बखत अमेरिकामा नेपाली राजदूत कुल शेखर शर्मा हुनुहुन्थ्यो । उहाँले दिनुभएको समयमा प्रोफेसर सिस्लर र म उहाँको निवासस्थानमा गयौं ।

भेटको थालनीमा राजदूत शर्मा र प्रा. सिस्लरबीच नेपालको समस्या तथा विकासका सम्बन्धमा चर्चा चल्यो । त्यस क्रममा सिस्लरले मेरो राम्रो अध्ययन तथा अधुरो विद्यावारिधिको कुरा निकालेर अमेरिकामा बसेर नै शोधपत्र तयार गर्न एक वर्ष समय थप गर्ने वातावरण बनाइदिन अनुरोध गर्दै राम प्रकाश एक वर्षमा पिएचडी पूरा गरी डिग्री हासिल गरेपछि नेपाल फर्कन्छन् भन्ने प्रतिबद्धता समेत् जनाउनु भयो । यो सुनेपछि जवाफमा राजदूत शर्माले श्री ५ को सरकारका सम्बद्ध पदाधिकारीसँग कुरा गरेर अर्को एक वर्षका लागि राहदानी नवीकरण गर्न कोशिस गर्छु भन्नुभयो र केही समयपछि मेरो राहदानी एक वर्षको लागि नवीकरण गरी विश्वविद्यालयमा पठाइदिनु भयो । सो एक वर्षमा मैले भारतको वैदेशिक व्यापारको इकोनोमेट्रिक मोडेलबारे अनुसन्धान गरी 'An Econometric Model for the Foreign Trade Sector of India: 1960/61-1971/72' शीर्षकको शोधपत्र विश्वविद्यालयमा पेश गरेर विद्यावारिधि डिग्री हासील गरी जनवरी १९७५ मा नेपाल फर्किएँ ।

उल्लिखित मेरो अनुभवबाट अमेरिकी प्राध्यापकहरूले आफ्ना विद्यार्थीलाई सघाउन कति ध्यान दिने रहेछन् भन्ने स्पष्ट हुन्छ । उदाहरणका लागि ओरेगन विश्वविद्यालयबाट मलाई MS डिग्री अध्ययनका लागि प्रा.डा. कासलले र कोर्नेल विश्वविद्यालयमा पिएचडी अध्ययन र राहदानी नवीकरणका लागि प्रा. सिस्लेरले असाध्यै सहयोग पुर्‍याउनु भएको थियो । साथै प्रा. सिस्लेरले उचित निर्देशन गरेर निर्धारित समयमा विद्यावारिधि पूरा गर्न पनि सहयोग गर्नुभयो । यी दुवै घटनाबाट प्राध्यापकले विश्वविद्यालयमा अध्ययनरत आफ्ना विद्यार्थीहरू सहजताका साथ अध्ययन पूरा गर्न सकुन् भन्ने सकारात्मक विचारका साथ यथासक्य सहयोग गर्दारहेछन् भन्ने झल्किन्छ । विद्यार्थी र प्राध्यापकबीचको सम्बन्ध यस्तै हुनुपर्दछ ।

**विद्यावारिधिपछि नेपालमा सेवा**

त्यस बखत नेपालमा भरखरै 'कृषि आयोजना सेवा केन्द्र (Agriculture Project Services Center- APROSC)' स्थापना भएर काम गर्न थालेको थियो । APROSC को प्रथम अध्यक्ष राष्ट्रबैङ्कका गभर्नर कुलशेखर शर्मा र कार्यकारी निर्देशक डा. भारत प्रसाद धिताल हुनुहुन्थ्यो ।

नेपाल फर्केपछि म कृषि विभागमा हाजिर भएँ । डा. धितालले मलाई कृषि विभागको निर्देशकसँग आग्रह गरी दुई वर्षका लागि काजमा APROSC पठाउन लगाउनु भयो । APROSC मा मलाई Senior Economist पदमा राखिएको थियो । दुई वर्षपछि भने म श्री ५ को सरकारको जागीर छोडेर APROSC मा नै नायब कार्यकारी निर्देशक पदमा काम गर्न थालें । केही वर्षपछि मलाई तीन वर्षका लागि कार्यकारी निर्देशक पदको जिम्मेवारी दिइयो । तीन वर्ष कार्यकारी निर्देशक भएपछि मैले राजीनामा गरें ।

APROSC मा कार्यरत रहँदादेखि नै कुलशेखर शर्मा मेरो लागि Mentor/Role Model हुनुभयो । उहाँप्रति मेरो अत्यन्त श्रद्धा र प्रेम बढेर आयो । मलाई केही समस्या पर्दा सरसल्लाह लिनुपरेको खण्डमा उहाँकहाँ पुगिहाल्थें । उहाँ एक आदर्श व्यक्ति हुनुहुन्थ्यो । उहाँ श्री परमहंस योगानन्दको विचार अनुरूपको व्यक्ति हुनुहुन्थ्यो । त्यो विचार यस्तो छः There is magnet in your heart that will attract true friends. That magnet is unselfishness and thinking of others first.

सन् १९८२ मा म International Development of Research Center (IDRC), Ottawa, Canada बाट दुई वर्षको विद्वत्वृत्ति (Fellowship) प्राप्तगरी International Food

Policy Research Institute (IFPRI), Washington D.C. मा अनुसन्धान कार्य गर्न परिवारका साथ गएँ । त्यहाँ मेरो अनुसन्धानको विषय 'Agricultural Research in Nepal: Resource Allocation, Structure and Incentives' थियो ।

नेपालमा डिसेम्बर ५, १९८३ मा International Center for Integrated Mountain Development (ICIMOD) स्थापना भयो । म IFPRI मा कार्यरत रहँदा नै ICIMOD ले डेपुटी डाइरेक्टर पदका लागि विज्ञापन गरेको र मैले पनि त्यसमा आवेदन दिएको थिएँ । त्यस क्रममा ICIMOD को बोर्ड अफ डाइरेक्टरले सर्वसम्मत निर्णयबाट मलाई सो पदमा छनौट गर्‍यो । फलस्वरूप मैले IFPRI छाडेर अमेरिकाबाट नेपाल फर्की सेप्टेम्बर १, १९८४ देखि ICIMOD को डेपुटी डाइरेक्टर पदमा सात वर्ष काम गरें ।

म ICIMOD मा कार्यरत रहँदा सन् १९९० मा नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो । नवगठित सरकारले राष्ट्रिय योजना आयोगमा बसेर काम गर्न मलाई पनि आमन्त्रण गर्‍यो । सोहीअनुसार मैले नोभेम्बर १९९१ देखि १९९४ सम्म राष्ट्रिय योजना आयोगको सदस्य भई काम गरें । योजना आयोगमा मेरो जिम्मेवारी कृषि, वन, भूमिसुधार, वातावरण र अनुगमन तथा मूल्याङ्कन (Monitoring and Evaluation) थियो । आयोगमा मेरो मुख्य कार्य Nepal Agriculture Perspective Plan (APP)-20 Years Plan बनाउने थियो । सरकार परिवर्तनले गर्दा मैले सो योजना तर्जुमा गर्न नभ्याए तापनि नयाँ सरकारद्वारा गठन गरिएको योजना आयोगले त्यस कार्यलाई पूरा गरी सन् १९९५ मा प्रतिवेदनका रूपमा प्रकाशित समेत् गरेको थियो ।

यसैबीचमा अमेरिकाको विनरक इण्टरनेशनल (Winrock International) का प्रोग्राम डाइरेक्टरको आग्रहमा विनरकको नेपालस्थित कार्यालयमा प्रोग्राम डाइरेक्टर तथा कण्ट्री रिप्रेजेण्टेटिभ भएर तीन वर्ष काम गरी राजीनामा गरें । त्यसपछि विश्व बैङ्क (World Bank) को नेपालस्थित कण्ट्री रिप्रेजेण्टेटिभको आग्रहमा परामर्शदाता (Consultant) भएर काम गरें । त्यस क्रममा मैले पुरानो Nepal Agriculture Perspective Plan को पुनरावलोकन गरेर त्यसलाई अद्यावधिक (Upgrade) गर्ने जिम्मेवारी पाएको थिएँ ।

विश्व बैङ्कमा कार्यरत रहँदा नै गरिबी निवारण कोषका अध्यक्ष, तत्कालीन प्रधानमन्त्रीले गरिबी निवारण कोषको उपाध्यक्ष पदमा चार वर्षका लागि जनवरी २५, २००७ मा मलाई नियुक्त गर्नुभयो । म नियुक्त हुँदा कोषको कार्यक्रम नेपालका २५ जिल्लामा सञ्चालन भैरहेको थियो । म आएपछि विश्व बैङ्कले कोषलाई नेपाल सरकारमार्फत् थप १०० मिलियन डलर दिने निर्णय गर्‍यो । त्यसै क्रममा यो कार्यक्रम अन्य १५ जिल्लामा पनि थप गरी जम्मा ४० जिल्लामा सञ्चालन गरियो । नेपाल सरकारमा भएको परिवर्तनपछि मैले सन् डिसेम्बर ३०, २००८ मा कोषको उपाध्यक्ष पदबाट राजिनामा गरें । स्मरणीय के छ भने यो नै मेरो जागिरे जीवनको अन्त्य पनि थियो ।

**सारांश/निष्कर्ष**

कृषि अर्थशास्त्रमा अमेरिकाको कोर्नेल विश्वविद्यालयबाट विद्यावारिधि गरेपछि मेरो प्रोफेसनल करिअरमा काम खोज्न ठूलो मिहिनेत गर्नुपरेन । मेरो अध्ययनको विषय, हासील गरेको अब्बल नतीजा एवम् काममा प्राप्त गरेको दक्षताको परिणामबाट नै मैले धेरैजसो प्रोफेसनल नियुक्तिहरू पाएँ । त्यसकारण तपाईंहरूको राम्रो काम, ईमानदारिता र लगनशिलताका आधारमा अवसरहरू आफैं आउने गर्दछन् ।

मेरो जीवनको पहिलो २८ वर्ष मुख्यतः औपचारिक शिक्षा हासील गर्दै बित्यो । त्यसपछि जीवनको दोस्रो ३३ वर्ष माथि उल्लिखित विभिन्न क्षेत्रमा काम गरेर बिताएँ । अहिले जीवनको उत्तरार्द्धमा मुख्यतः आध्यात्मिक क्षेत्रमा समय बिताइरहेको छु ।

म IFPRI मा कार्यरत रहँदा नै सन् १९८३ मा खुब नाम चलेको 'गान्धी' फिल्म हेरेको थिएँ । त्यसमा दुब्लो, पातलो र होचो कदका गान्धीका पछि लाखौं जनताको भीड देखेर मलाई बडो आश्चर्य लाग्यो । गान्धीजीलाई त्यस्तो शक्ति कहाँबाट आयो भन्ने विचारले उहाँबारे विभिन्न पुस्तकहरू खोजेर पढ्न थालें । उहाँ भागवत गीताबाट प्रभावित हुनुभएको रहेछ । उक्त फिल्ममा उहाँले Strong Willpower / Fearlessness ले गर्दा निरन्तर अठोटका साथ ब्रिटिश सरकारको नियन्त्रणबाट

भारतलाई स्वतन्त्र गराउने कार्यमा अग्रणि नेतृत्व गरेको देखें । यी कुराहरू उहाँको आफ्नो आत्मकथामा प्रकट हुन्छ । त्यसै समयदेखि म आध्यात्मिक बाटोतिर लागेको हुँ । त्यसबेलादेखि नै महात्मा गान्धीलाई पनि आफ्नो Mentor/Role model को रूपमा मान्दै आएको छु । उहाँले मलाई आध्यात्मिक बाटोतिर लाग्न प्रेरित गर्नु भएको हो ।

मैले लामो समयदेखि श्री परमहंस योगानन्दज्यूलाई गुरू मानेर आएको छु । त्यसकारण अब मेरो आध्यात्मिक लक्ष्य Self-realization भएको छ । गुरूले दिएका विचार र ध्यानका तौरतरिका अनुसार नियमित रूपमा ध्यान गर्छु । यसप्रकार मेरो भौतिक लक्ष्य कृषि र ग्रामीण विकासका साथै गरिबी निवारण तथा आध्यात्मिक लक्ष्य Self-realization भएका छन् । यी दुईको सन्तुलन गर्दै अगाडि बढ्ने बाटो लिएको छु । यस सन्दर्भमा गुरू श्री परमहंश योगानन्द भन्नुहुन्छः The material and the spiritual are but two parts of one universe and one truth. By overstressing one part or the other, man fails to achieve the balance necessary for harmonious development... when meditation only you become lazy, with activity only the mind becomes worldly and you forget God.

सांसारिक (Material) र आध्यात्मिक (Spiritual) जीवनको सन्तुलन (Balance) बाट आफ्नो जीवन बिताउनु नै मानव जीवनको मुख्य ध्येय हुनुपर्दछ । मेरो जीवनको अनुभवबाट तपाईंहरूलाई त्यही सन्तुलनको बाटो लिन आग्रह गर्न चाहन्छु । Spirituality भनेको नै How to live life हो । यही शिक्षा हामीले गुरू परमहंसज्यूबाट प्राप्त गरेका छौं । यो सनातन धर्मको बाटो हो । यसै सन्दर्भमा गुरू परमहंश योगानन्दजीको एउटा अर्को अत्यन्त महत्वपूर्ण उपदेश स्मरणीय छः Be honest with yourself. The world is not honest with you. The world loves hypocracy. When you are honest with yourself you find the road to inner peace. ... I will fear nothing except myself when I try to deceive my conscience.

प्रस्तुत आदर्शलाई प्रयोग गर्नुभयो भने तपाईंले पनि जीवनमा सफलता प्राप्त गर्न सक्नुहुनेछ ।

जीवनमा मुख्यतः तीन कुरालाई महत्व दिनु राम्रो हुन्छ भन्ने मेरो धारणा छः

**पहिलो- उद्देश्य निर्धारण**

१) सांसारिक (Worldly): जुन मेरो हकमा कृषि र ग्रामीण विकाससहित् गरिबी निवारण हो ।

२) आध्यात्मिक : Self realization

**दोस्रो- Mentor/Role Model को खोजी**

मेरो हकमा कुलशेखर शर्मा, महात्मा गान्धी र प्रा. सिस्लेर तीन जना Mentor/Role Model हुन् ।

**तेस्रो- God/Divine Mother**

God is omnipresent and we are his children भन्ने कुरा सधैं स्मरण गर्ने, भगवान (Divine Mother) प्रति श्रद्धा र प्रेम राख्ने, किनकि उहाँले दिएको शक्ति र बुद्धिको आधारमा नै हामी सांसारिक जीवन बिताइरहेका छौं ।

यस अवसरमा म यहाँ श्री श्री परमहंश योगानन्दको 'महान नव-विचार' (The Noble New) शीर्षकको कविता वाचन गर्न चाहन्छु;

यस्तो गीत गाऊ जस्तो कसैले नगाएको होस्
यस्तो विचार गर जस्तो कुनै दिमागले नसोचेको होस्
यस्तो बाटोमा हिँड जुन बाटो कोही नहिँडेको होस्
यस्तो आँशु बगाऊ जस्तो कसैले ईश्वरका लागि नबगाएको होस्
सबैलाई यस्तो शान्ति देऊ जस्तो कसैले नदिएको होस्
त्यसलाई आफ्नो बनाऊ जो सबैद्वारा अपहेलित छ
सबैलाई यस्तो माया गर जो कसैले अनुभव नगरेको होस्
र, सामना गर जीवन सङ्घर्षमा अदम्य साहसले ।

अन्तमा आज दीक्षित स्नातक छात्र-छात्राहरूलाई पुनः बधाइ ज्ञापन गर्दै तपाईंहरू सबैजनाले आ-आफ्नो कार्यमा संलग्न भई देशको सेवा गर्नुहुनेछ भन्ने शुभकामना एवम् विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

# त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहमा कुलपति तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधन

**त्रिभुवन विश्वविद्यालयको ५० औं दीक्षान्त समारोहका प्रमुख अतिथि डा. रामप्रकाश यादवज्यू, सहकुलपति शिक्षा मन्त्रीज्यू, उपकुलपति लगायत् विश्वविद्यालय परिवार, आज दीक्षित विद्यार्थी साथीहरू, भाइबहिनीहरू, उहाँहरूका अभिभावकज्यूहरू, परिवारका सदस्यहरू र उपस्थित सम्पूर्ण दिदीबहिनी तथा दाजूभाइहरू !**

म यस समारोहमा विश्वविद्यालयको निमन्त्रणालाई स्वीकार गरेर आउनुभएका प्रमुख अतिथिज्यूलाई धेरै स्वागत भन्न चाहन्छु र यस विशेष कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभएकोमा धन्यवाद भन्न चाहन्छु ।

आज सयभन्दा बढी विद्यार्थी साथी-भाइबहिनीहरूले विद्यावारिधि हासील गरी प्रमाणपत्र प्राप्त गर्नुभएको छ । उहाँहरूलाई धेरै-धेरै बधाइ र शुभकामना भन्न चाहन्छु । आज पुरष्कृत र सम्मानित हुने विद्यार्थी भाइबहिनीहरूलाई पनि धेरै-धेरै बधाइ र शुभकामना भन्न चाहन्छु । तपाईंहरूको मेहनत सफल भएको छ । अझ सफलताका साथ अगाडि बढदै जानुहोस् । त्यसैगरी विभिन्न तहका परीक्षा उत्तीर्ण गरेर प्रमाणपत्र प्राप्त गर्नुहुने र दीक्षान्त समारोहमा उपस्थित हुनुभएका र हुननसक्नु भएका समेत् सम्पूर्ण दीक्षित भाइबहिनीहरूलाई धेरै-धेरै बधाइ तथा शुभकामना भन्न चाहन्छु ।

तपाईंहरूको जीवन अत्यन्त सफल रहोस् । तपाईंहरूका कामले पूर्वरेकर्ड तोड्दै र नयाँ कीर्तिमान बनाउँदै जाउन् । तपाईंहरूले नयाँ उचाइ छुँदै जानुहोस् । तपाईंहरूको यश र कीर्ति फैलिँदै जाओस् । तपाईंहरू असल व्यक्तित्व, परिवारको असल सदस्य, समूदायको असल सदस्य, देशको असल र सुयोग्य नागरिक तथा मानव जातिकै लागि दृष्टान्त बन्न सक्नुहोस् । धेरै-धेरै शुभकामना छ ।

यी कुरा हुननसक्ने होइनन् । मैले यस्ता ठाउँमा बोल्दा हरदम भन्ने गरेको छु, तपाईं-हामी त्यस्ता विद्वान पुर्खाका सन्तान हौं, जसले धेरै ठूला-ठूला कुराको आविष्कार गरेका थिए । यही भूमिबाट ज्ञानको आविष्कार भएको थियो । त्यसकारण यस भूमिलाई ज्ञानभूमि भनिन्छ । विचार वा तथ्य-सत्य पत्ता लगाउन चिन्तन-मनन गर्ने यो भूमिलाई ध्यानभूमि पनि भनिन्छ । शारीरिक रूपमा चुस्त, दुरूस्त, तन्दुरूस्त रहन, रक्तसञ्चारमा अक्सिजन पुऱ्याउन र मस्तिष्कलाई चुस्तदुरूस्त राख्न योग, प्रणायाम एवम् ध्यानजस्ता कुरा आवश्यक छन् भनेर हजारौं वर्ष अगाडि हाम्रै पुर्खाले पत्ता लगाएका हुन् । आज विश्वको ध्यान त्यतैतिर आकृष्ट हुँदैछ ।

यो त्यस्तो भूमि हो, जसले अक्षर पत्ता लगायो, ज्ञान पत्ता लगायो, अन्तरिक्षका ग्रह-नक्षत्रहरू पत्ता लगायो । यही भूमि हो जहाँ लगभग १५०० वर्ष अगाडि आर्यभट्टले पाँचौं शताब्दीतिरै गुरूत्वाकर्षणको सिद्धान्त पत्ता लगाउनु भएको थियो । भाष्कराचार्यले ११५० मा लेख्नुभएको सिद्धान्त शिरोमणि भन्ने पुस्तकले ग्राभिटेसनको सिद्धान्त भनेको के हो दुनियाँलाई पहिलो पल्ट विधिवत् रूपमा र सही ढङ्गले, वैज्ञानिक तवरमा बताएको थियो । त्यसबेला उहाँले अगाडि सारेका प्रस्तावनाहरू बहुतै सही थिए । चाहे ती चिकित्सा क्षेत्रका हुन्, आर्युवेदका हुन्, शल्यक्रियाका हुन् वा औषधि विज्ञानका, दुनियाँ अन्यत्र अन्धकार हुँदा पनि यो भूभाग ज्ञानले ओतप्रोत थियो । हाम्रो पूर्वीय दर्शन भ्रम थिएन, खोज, अध्ययन, अनुसन्धान, अन्वेषणमा लागेको थियो ।

मानव मस्तिष्कका दुई सर्वश्रेष्ठ कुरा छन्– एउटा मेमोरी पावर, अर्को इनोभेटिभ क्यारेक्टर । हाम्रा पूर्खाले यी दुइटै कुरालाई बुझेका, आफ्नो मेमोरी पावरलाई अत्यधिक क्षमताका साथ प्रयोग गरेका र इनोभेटिभ क्यारेक्टरलाई अगाडि बढाएका थिए । तिनै पुर्खाका सन्तान हौं हामी, जसले दुनियाँलाई नयाँ-नयाँ कुरा बतायो, नयाँ-नयाँ कुरा सिकायो । मेरो तपाईंहरूलाई आग्रह छ– पुर्खाहरूप्रति हामी कृतज्ञ हुनुपर्दछ, कृतज्ञ मात्र भएर हुँदैन उहाँहरूका गुणबाट हामीले सिक्नुपर्दछ र इनोभेटिभ ढङ्गले अगाडि बढ्नुपर्दछ ।

हामी केही शताब्दी पछाडी पर्नुका विभिन्न कारण छन्– शासकीय कारण, स्वार्थका कारण र केही व्यवस्थापनको कमीका

कारण । जसले गर्दा दुनियाँमा सबभन्दा अगाडि भएको हाम्रो भूभाग र यहाँका बासिन्दा केही शताब्दी अरूभन्दा पछाडि परे । आज हामी त्यही कुरा भोगिरहेका छौं र त्यसबाट मुक्त हुन चाहिरहेका छौं । आजका हाम्रा प्रयास यिनै पछाडि परेका कुराबाट मुक्त हुने, पछौटेपनबाट मुक्त हुने कुरा हुन् ।

आजको हाम्रो प्रमुख चुनौती २० प्रतिशत भन्दा बढी जनता निरपेक्ष गरिबीको रेखामुनि हुनु हो । यसबाट मुक्त नभएसम्म हामी समृद्धि र सुख प्राप्त गर्न सक्दैनौं । सबभन्दा पहिले निरपेक्ष गरिबीको रेखामुनि भएका, खान-लाउन नपाएका, आवास नभएका दाजुभाइ-दिदिबहिनीहरूलाई गरिबीबाट मुक्त गर्नु हाम्रो पहिलो चुनौती र अभिभारा हो । त्यो अभिभारा पूरा गरेर समृद्ध नेपाल, सुखी नेपाली बनाउने यात्रामा आज हामी छौं ।

नेपाललाई शान्तिपूर्ण नेपाल र समृद्ध नेपाल बनाउन चाहन्छौं हामी, जहाँ सबै नेपाली अधिकारसम्पन्न र अवसरमा पहुँच भएका नेपालीका रूपमा डर-त्रासविना भयरहित र शान्तिपूर्ण वातावरणमा सम्मानित जीवन बाँच्न सकुन् । यसका लागि हामीलाई सामाजिक न्याय र समानतासहित्को समृद्धि, गरिबीविनाको समृद्धि, समाजको एक पक्षको मात्र होइन, सम्पूर्णको समृद्धि आवश्यक छ । यिनै आवश्यकता पूरा गर्न हामी प्रयास गरिरहेका छौं । यस समारोहको लाभ लिइरहेका आज दीक्षित हुने भाइबहिनीहरूले पनि यही अभियानका लागि आफूलाई तयार गर्दै हुनुहुन्छ । म तपाईंहरूलाई यस कारण पनि बधाइ भनिरहेको छु र तपाईंहरूको उज्ज्वल भविष्य र सफलताको कामना गरिरहेको छु ।

तपाईंहरू एउटा चरण पार गरेर विभिन्न स्तरका अध्ययन पूरा गरेर, डिग्री हासील गरेर अर्को तहमा, अर्को चरणमा प्रवेश गर्दै हुनुहुन्छ । कतिले पिएचडी, डक्टरेट गरेर अगाडिको पढाइ अन्त्य गरें भन्ने ठान्नुभएको होला, तर त्यस्तो हुँदैन । अध्ययन त जीवनभरीको एउटा प्रक्रिया हो, जुन कहिल्यै सकिँदैन । तपाईंहरूले यति गरेर अध्ययन गर्न छोड्नु भयो, सिक्न छोड्नु भयो भने प्राप्त गरेको ज्ञान विस्तारै कमजोर हुँदै जान्छ । त्यसकारण आफूले प्राप्त गरेको ज्ञानलाई व्यवहार र अध्ययनको माध्यमबाट लगातार परिष्कृत र परिमार्जित गरी अझ आधुनिकीकरण र नवीकरण गर्दै जानुपर्दछ । आफ्नो ज्ञानलाई व्यवहारबाट अझ उजिल्याएर लैजानुपर्दछ, व्यवहारमा उतार्नुपर्दछ ।

पुस्तकमा भएको विद्या काम लाग्दैन भन्ने भनाइ छ । विद्या त आफैंसँग हुनुपर्दछ । आफूसँग भएको विद्यालाई पनि व्यवहारमा उतारिएन भने केही काम लाग्दैन । कपडा छ, लगाइएन भने जाडोमा काम लाग्छ र ? जुत्ता छ लगाइएन भने के काम ? त्यस्तै कुनै पनि चिज हामीसँग छ भने त्यसको समुचित प्रयोग गर्नुपर्दछ । हामीले विद्या हासील गरेका छौं, त्यसलाई व्यवहारमा, आफ्नो उन्नतिमा र समाजको भलाइमा प्रयोग गर्नुपर्दछ । मैले विश्वास लिएको छु, तपाईंहरू अत्यन्तै भव्यताका साथ, अत्यन्तै गरिमामय ढङ्गले, अत्यन्तै प्रतिष्ठित तवरले, अत्यन्तै सक्रिय र उदाहरणीय रूपले अगाडि बढ्नुहुनेछ ।

हाम्रा प्रमुख अतिथिजीले थुप्रै कुरा राख्नुभएको छ । उहाँले भन्नुभयो– ईमान्दार हुनुपर्दछ । सकृयता र मेहनत ईमानदारीले ल्याउँछ । एउटा विद्यार्थी ईमान्दार भएर पढेन भने परीक्षामा नतिजा फरक निस्किन्छ । एउटा खेलाडी ईमान्दार भएर खेलेन भने मैदानमा त्यसको नतिजा अर्कै निस्किन्छ । ईमान्दार भएर खेल्यो भने खेलको स्पटमा योग्यता प्रकट हुन्छ । मेहनत गरेर पढ्यो, ईमान्दारीका साथ पढ्यो भने त्यो कुरा व्यवहारमा प्रकट हुन्छ । त्यसैले त 'अनेष्टि ईज द सेक्रेट अफ् सक्सेस्' भनिन्छ । हामीले जुनसुकै काम पनि अनेस्टली गर्नुपर्दछ । जुनसुकै काममा पनि अनेस्ट हुन सिक्नुपर्दछ ।

हामीले बनाउन खोजेको समाज ईमान्दार र सभ्य समाज हो, सम्भ्रान्त र सुसंस्कृत समाज हो, लोकतान्त्रिक र नागरिक सर्वोच्चताको समाज हो । यो समाज शिष्ट, सभ्य, मर्यादित र सुसंस्कृत समाज हुनुपर्दछ । हामीले प्राप्त गरेका कुरालाई रक्षा गर्दै अगाडि बढाउनु पर्दछ । हामीले एउटा यस्तो सुसंस्कृत, शान्तिपूर्ण, सभ्य र विकसित देश निर्माण गर्नुपर्दछ, जहाँ सबै नेपाली शान्तिमय वातावरणमा ढुक्कले बाँचेका हुन्छन् । सम्मानित र सुखी जीवन बाँचेका हुन्छन् । त्यस्तो समाज बनाउन हामीले आफूले प्राप्त गरेको ज्ञान, सीप, प्रविधि जे-जे छ त्यो सबैको सदुपयोग गर्न सक्नुपर्दछ । मैले विश्वास लिएको छु, तपाईंहरू शिक्षा, चिकित्सा, कृषि, उद्योग, वाणिज्य, म्यानेजमेण्ट वा अन्य जुन-जुन क्षेत्रमा लाग्नुहुन्छ, त्यहाँ आदर्श व्यक्तिको रूपमा स्थापित हुन सक्नुहोस् । यही तपाईंको चेष्टा हुनुपर्दछ । तपाईंले प्राप्त गरेको ज्ञानको वास्तवमा सही अर्थ सही निश्कर्ष यही हुनसक्दछ ।

तपाईंहरू देशको सबभन्दा पुरानो, स्थापित र शिक्षा क्षेत्रमा सबभन्दा बढी योगदान गरेको विश्वविद्यालयका उपज विद्यार्थी हुनुहुन्छ । एउटा कुरा थाहा पाउनु पर्दछ, मान्छेले विद्यार्थी हुन जिन्दगीमा कहिले पनि छोड्नु हुँदैन । विद्यार्थी हुन छोडियो भने शिक्षक हुन पनि सकिँदैन । हरेक समय हामीले विद्यार्थी हुन सिक्नुपर्दछ । 'विद्या ददाति विनयम् विनय ददाती पात्रतम् पात्रोत्व धर्मा अपनोतीत्व धनाधर्म तथा सुखम्' भनिन्छ । विद्याले पहिले विनम्रता, शालिनता दिन्छ र घमण्डबाट पर राख्दछ । म विद्वान छु भन्ने घमण्ड जसले पाल्यो, उसमा विद्वता समाप्त हुन्छ । किनभने उसले विद्वान छु भनेपछि सिक्न छोडिदिन्छ । सिक्न छोडेपछि उसको विद्वता खिईंदै जान्छ, समाप्त हुँदै जान्छ । त्यसकारण शालिनता र विनम्रता, विद्वताको लक्षण हो । विद्वान हो भनेर चिनिने आधार नै शालिनता र विनम्रता हो । तपाईंहरू पनि शालिनता, विनम्रता र आदर्शमय जीवनबाटै चिनिनु हुनेछ ।

तपाईंहरू देशभक्तिको भावनाले पनि ओतप्रोत हुनुहुनेछ । किनभने कहिल्यै कुनै शक्तिका अगाडि पराधीन नभएको, उपनिवेशवादले दुनियाँमा राज गरेको बेला पनि स्वाधीन रहेको, हार्न नजानेको देशका स्वाभिमानी नागरिक हुनुहुन्छ तपाईंहरू । तपाईं-हामी बुद्धका देशका मानिस हौं, विद्वान पुर्खाका सन्तान हौं । त्यसकारण हामीमा बुद्धत्व, शान्तिमय प्रवृत्ति, विद्वता, विनम्रता, विनयशिलता छ ।

तपाईंलाई म यति पढेको उति पढेको, पढे-लेखेको, विद्वान मान्छे हुँ भनेर सर्टिफिकेट देखाउनु पर्ने भनेको जागिर खाने बेलामा मात्रै हो । व्यावहारिक जीवनमा सर्टिफिकेट काम लाग्दैन । 'कस्तो बोल्न पनि आउँदैन तपाईंलाई' भनेर कसैले भन्यो भने 'के भन्या ? म विद्वान मान्छे हुं । यत्रो पढ्याछु, यतिवटा सर्टिफिकेट लियाछु । पत्याउनु हुन्न भने ल सर्टिफिकेट हेर्नुस्' भन्नुहोला । तर सर्टिफिकेट देखाएर रफ व्यवहार त सच्चिँदैन नि, सच्चिन्छ र ? त्यसकारण सर्टिफिकेट खोज्न मान्छे नजाओस् । विद्वता केबाट झल्किनु पर्दछ भने कसैले तपाईंलाई देख्ने वित्तिकै वा भेट्ने वित्तिकै तपाईंको मुस्कान, तपाईंको चेहरामा झल्किने चमक र त्यसले दिने पोजिटिभ भाइभबाट विद्वता र सकारात्मकता प्रकट होस् । तपाईंहरू आफ्नो परिवार, कम्युनिटी, देशका असल व्यक्तित्व, असल नागरिक, देश विकासका लागि इनोभेसन, खोज, अध्ययन, अनुसन्धानका माध्यमबाट लगातार लागिरहेको एउटा कर्मठ सर्जकका रूपमा स्थापित हुन सक्नुहोस् । यही मेरो तपाईंहरूलाई धेरै-धेरै शुभकामना छ ।

त्रिभुवन विश्वविद्यालयमा कमिकमजोरी होलान् । भौतिक पूर्वाधारका कमि होलान् । आर्थिक अवस्था कमजोर होला । थुप्रै अरू कुराका कमि होलान् । पर्याप्त भयो भन्ने दिन त कहिले पनि हुँदैन, कमि त भइरहन्छ । तैपनि सन्तोष गर्न सकिने ठाउँ पनि नहोला । ती कुरालाई हामी सच्याउँदै जानेछौं, जाउँला । स्थापनाकालदेखि अहिलेसम्म ६५ वर्षको यो अवधिमा देश विकासका लागि त्रिभुवन विश्वविद्यालयले जुन सेवा गरेको छ, यसको लिडरसिपले यहाँका प्राध्यापकहरूले जुन योगदान गर्नुभएको छ, वौद्धिक व्यक्तित्वहरू जन्माउनु भएको छ, त्यसका लागि विश्वविद्यालयलाई म धेरै-धेरै धन्यवाद भन्न चाहन्छु । यस नतिजाका लागि गुरूजनलाई पनि धन्यवाद भन्न चाहन्छु । र, विश्वविद्यालयलाई अगाडि बढाउन योगदान गरेका सम्पूर्ण शिक्षक, कर्मचारी र मेहनती विद्यार्थीहरूलाई पनि धेरै-धेरै बधाइ भन्न चाहन्छु ।

एउटा कुरामा हामीले ध्यान दिनुपर्छ । आजको शैक्षिक जगतमा कहिले-कहिले प्राज्ञिक जस्ता नभएर अन्यथा प्रवृत्ति पनि देखिन थालेका छन् । यस कुरामा हामी सजग हुनुपर्दछ । हामीले विश्वविद्यालयलाई शिक्षाको मन्दिरको रूपमा, आदरणीय थलोको रूपमा लिनुपर्दछ । मन्दिरमा पुग्दा जुन भाव हामीमा जाग्दछ र जुन भाव हामी प्रकट गर्दछौं त्यस्तै भाव प्रार्थनीय थलोको रूपमा विद्यालय, विश्वविद्यालय, महाविद्यालयमा पुग्दा पनि आउनु पर्दछ । त्यही भावका साथ हामीले काम गर्नुपर्दछ । हाम्रो समाज एउटा सभ्य समाज हो । यतापट्टि सबैको ध्यान जाओस् भन्ने पनि म आग्रह गर्न चाहन्छु ।

अन्त्यमा आज विभिन्न प्रमाणपत्रले, विभिन्न सम्मानले दीक्षित हुनुभएका, सम्मानित हुनुभएका विद्यार्थीहरू सबैलाई फेरि एकपल्ट बधाइ र शुभकामना भन्दै आफ्नो भनाइ टुङ्ग्याउँछु र आजको यस दीक्षान्त समारोह विधिवत रूपमा समापन भएको घोषणा गर्दछु । सबैलाई धेरै-धेरै धन्यवाद ! धेरै-धेरै शुभकामना !

# त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहमा सहकुलपति र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री माननीय विद्या भट्टराईको मन्तव्य

**यस समारोहका अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालयका कुलपति सम्माननीय प्रधानमन्त्रीज्यू, प्रमुख अतिथि डा. राम प्रकाश यादवज्यू, विशिष्ट अतिथिज्यूहरू, त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार एवम् सम्पूर्ण विद्वान् सभासदहरू, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक, सञ्चारकर्मी मित्रहरू र यहाँ उपस्थित सम्पूर्णमा हार्दिक नमस्कार र न्यानो अभिवादन !**

५०औं दीक्षान्त समारोहको यो ऐतिहासिक अवसर र ६ दशक भन्दा बढी नेपालको शैक्षिक र बौद्धिक विकासको आधारशीला निर्माण गर्न सफल त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा उपस्थित भई विचार राख्ने अवसर प्राप्त हुँदा गौरव महशुस गरेको छु ।

त्रिभुवन विश्वविद्यालय हाम्रो राष्ट्रिय पहिचानको अभिन्न अङ्ग हो । वि.सं. २०१३ सालमा स्थापना भएको यस विश्वविद्यालयले नेपालको उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आफूलाई स्थापित गरेको छ । समाजको परिवर्तन र रूपान्तरणमा यस विश्वविद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । चार लाख भन्दा बढी विद्यार्थी अध्ययनरत यस विश्वविद्यालयमा आज १२२ जना पिएचडी विद्वान्सहित् ७४,१४९ जना विद्यार्थी दीक्षित हुँदै हुनुहुन्छ । यस अवसरमा सफलतापूर्वक आफ्नो शैक्षिक यात्रा पूरा गर्न सफल सम्पूर्ण दीक्षित विद्यार्थीहरू र अभिभावकज्यूहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछु ।

त्रिभुवन विश्वविद्यालयले ज्ञान, सीप र नवप्रवर्तनमा जोड दिँदै एक अविचलित संस्थाको रूपमा आफूलाई स्थापित गरेको छ । व्यवस्थापन, शिक्षा, मानविकी, विज्ञान, कानून, इञ्जिनियरिङ्, चिकित्सा, कृषि, वन विज्ञान जस्ता विविध विषयमा स्नातकदेखि डक्टरेटसम्मका कार्यक्रमहरू मार्फत् शिक्षा प्रदान गरेको छ । विश्वविद्यालयले ज्ञान, आविष्कार र विकासलाई योगदान दिनका लागि अनुसन्धान केन्द्रहरू मार्फत् अनुसन्धानका काम गरिरहेको छ ।

विश्वविद्यालयसँग थुप्रै उपलब्धि हुँदाहुँदै पनि केही चुनौती पनि छन्, जसलाई हामीले सामना गरी समाधानका व्यावहारिक प्रयत्नहरू गर्न सक्नुपर्दछ । विश्वविद्यालयका स्नातक उपाधि प्राप्त गरेका विद्यार्थीहरूसँग व्यावहारिक ज्ञान र रोजगारीका अवसरहरूको अभाव छ । उपाधि हासिल गरे पनि विद्यार्थीले देशभित्र योगदान गर्नेगरी अवसर प्राप्त गर्न सकिरहेका छैनन् । विदेशलाई पहिलो रोजाइ बनाउँदै पढाइ र रोजगारीका लागि विदेशिने प्रवृत्ति राष्ट्रिय चासोको विषय बनेको छ । यस्तो अवस्था हुनुमा हाम्रा शैक्षिक कार्यक्रमहरू वृहत् रूपमा भएपनि उद्यम क्षेत्र र बजारका आवश्यकतासँग मेल खाने बन्नसकेका छैनन् । भौतिक पूर्वाधारको सीमितता, जनशक्ति व्यवस्थापनमा असहजता, अपर्याप्त पुस्तकालय र प्रयोगशाला तथा विद्यार्थीका माग अनुसार पाठ्यक्रम र विषयहरूको प्राथमिकीकरण गर्न नसक्नु जस्ता विषय विश्वविद्यालयको विकासका लागि बाधक बनिरहेका छन् ।

यति हुँदाहुँदै पनि त्रिभुवन विश्वविद्यालयले नेपालको उच्च शिक्षाको नेतृत्वकारी भूमिका निर्वाह गर्न सक्दछ भन्ने आम अपेक्षा पूरा गर्न आफ्नो साख संरक्षण गर्दै भविष्यलाई नयाँपन दिने हो भने चुनौतीहरूलाई समयमै सम्बोधन गर्न आवश्यक छ । हामीले चुनौतीका रूपमा देखापरेका विषयलाई सुधार गर्न सक्यौं भने विश्वविद्यालयको उचाइलाई जीवित बनाउन सक्छौं ।

हामीले हाम्रा शैक्षिक कार्यक्रमहरू रोजगार क्षेत्र र बजारको माग अनुरूप सान्दर्भिक बनाउने सुनिश्चितता गर्न सक्नुपर्दछ । उद्योग र अन्तरराष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्दै सैद्धान्तिक ज्ञानको व्यावहारिक प्रयोग सहित्को पाठ्यक्रम निर्माण गर्नुपर्दछ । इन्टर्नसीप, परियोजनामा आधारित सिकाइ र व्यावसायिक तालिम हाम्रो शैक्षिक ढाँचाको अभिन्न अङ्ग बन्नुपर्दछ ।

विश्वविद्यालयका अनुसन्धान केन्द्रहरूलाई आविष्कार केन्द्रका रूपमा विकास गर्नुपर्दछ । विज्ञान, प्रविधि, कृषि, जलवायु परिवर्तन र दिगो विकासजस्ता क्षेत्रलाई प्राथमिकतामा राख्दै विश्वव्यापी अनुसन्धान गर्ने संस्थाहरूसँगको साझेदारीलाई सुदृढ गर्नुपर्दछ । आजको डिजिटल युगमा हाम्रो शिक्षण र सिकाइमा प्रविधिको प्रयोग अनिवार्य छ । हाम्रा पुस्तकालयहरूलाई इ-पुस्तकालयमा स्तर वृद्धि गर्दै र उन्नत प्रयोगशाला एवम् उपकरणहरू प्रयोग गर्दै सिकाइका प्लेटफर्महरू निर्माण गर्न सक्नुपर्दछ, जसले सङ्काय र विद्यार्थी दुवैको शैक्षिक अनुभवमा वृद्धि गर्नेछ ।

विद्यार्थीहरूलाई जीविकोपार्जनका लागि मात्रै शिक्षा हो भन्ने मान्यता परिवर्तन गर्न उद्यमशिलता नै शिक्षा हो भन्ने मानसिकता विकास गर्न जरूरी छ । स्नातकहरूले आफू रोजगार हुने मात्र होइन अरूका लागि पनि रोजगारीका अवसर सिर्जना गर्न सक्छौं भन्ने धारणा बनाउने गरी पाठ्यक्रम र सिकाइ विकास गर्दै उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय आफैंमा ठूलो संरचना भएकोले यसले आफ्ना सङ्काय, संस्थान, प्रतिष्ठान, क्याम्पस र सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसहरूलाई अधिकारसहित्का कार्यक्रमहरू र स्वायत्तता दिन सक्नुपर्दछ, जसले विश्वविद्यालयलाई अझै उचाइमा पुऱ्याउन मद्दत गर्नेछ । विश्वविद्यालयले आफ्नो शैक्षिक क्यालेण्डरलाई अनिवार्य रूपमा कार्यान्वयनमा लैजानु पर्दछ भन्ने आजको मागलाई सम्बोधन गर्दै सुनिश्चित गर्न सक्नुपर्दछ । परीक्षा दिएपछि लामो समय नतीजाको पर्खाइमा विद्यार्थीहरू बस्नुपर्ने बाध्यतालाई मनन् गर्दै शैक्षिक क्यालेण्डरको पूर्ण कार्यान्वयन अनिवार्य गर्नुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय आगामी दिनमा शिक्षाको उन्नयन र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल हुनेछ भन्ने शुभेक्षा व्यक्त गर्दछु । साथै आज दीक्षित हुनुहुने सम्पूर्ण विद्यार्थीहरू तथा अभिभावकज्युहरूमा पुनः बधाइ ज्ञापन गर्दछु । विद्यार्थीहरूले हासील गरेका ज्ञान, सीप, अनुभव र विवेकको उपयोग गरी सफल र सुखद् भविष्य निर्माण गर्न सफल बन्नुहुनेछ भन्ने शुभकामना सहित् सबैलाई हार्दिक आभार व्यक्त गर्दै मेरा विचारहरू अन्त्य गर्न चाहन्छु । धन्यवाद !

# त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहमा उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको स्वागत मन्तव्य

**त्रिभुवन विश्वविद्यालयको पचासौं दीक्षान्त समारोहका अध्यक्ष तथा कुलपति एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू, दीक्षान्त समारोहका प्रमुख अतिथि डा. राम प्रकाश यादवज्यू, त्रिविका सहकुलपति तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईज्यू, त्रिविका शिक्षाध्यक्ष, रजिस्ट्रार, त्रिविसभाका सम्पूर्ण आदरणीय सभासद्ज्यूहरू, शिक्षाविद्, प्राध्यापक, कर्मचारीहरू, आज दीक्षित विद्यार्थीहरू तथा अभिभावकज्यूहरू, सुरक्षाकर्मी, आमन्त्रित भद्र महिला तथा सज्जनवृन्द !**

**सबैलाई हार्दिक नमस्कार !**

आजको पचासौं दीक्षान्त समारोहमा म यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । त्रिभुवन विश्वविद्यालयमा अध्ययन र अनुसन्धान गरी २०८० असार १ देखि २०८१ जेष्ठ ३२ गतेसम्म ट्रान्सक्रिप्ट लिई ६२औं ग्रेसलिस्टमा समावेश भएका ७४,१४९ विद्यार्थीमध्ये १४,३०८ विद्यार्थी यो समारोहमा दीक्षित हुनेछन् । कुल दीक्षित विद्यार्थीहरूमध्ये व्यवस्थापन सङ्कायका ३१,०९०, मानविकी तथा समाजिक शास्त्र सङ्कायका १३,६२३, कानून सङ्कायका ३,०८६, शिक्षा शास्त्र सङ्कायका ११,३१७, चिकित्सा शास्त्र अध्ययन संस्थानका १,७७०, इञ्जिनियरिङ अध्ययन संस्थानका ५,३०४, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका ६४८, वनविज्ञान अध्ययन संस्थानका ३०४ र विज्ञान तथा प्रविधि अध्ययन संस्थानका ७,००७ विद्यार्थी छन् । म विश्वविद्यालय र मेरो व्यक्तिगत तर्फबाट दीक्षित हुनुहुने सबै विद्यार्थी र उहाँहरूका अभिभावकज्यूहरूलाई हार्दिक स्वागत तथा बधाइ ज्ञापन गर्दछु । यसका साथसाथै आफ्नो कार्यक्षेत्रमा अब्बल दर्जा हासील गरी विश्वविद्यालयको यश र कीर्ति बढाउनु हुनेछ भन्ने आशा पनि लिएको छु ।

देशको उत्पादनका साधनमध्ये जनशक्ति महत्वपूर्ण साधन हो । त्यसमा पनि देशका लागि आवश्यक सिपयुक्त स्तरीय उच्चशिक्षा प्राप्त जनशक्तिको देश विकासमा अहम् भूमिका हुन्छ र देशको भविष्य यसैमा निर्भर गर्दछ । विश्वविद्यालय अनुदान आयोगले प्रकाशित गरेको शैक्षिक व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन २०८०/०८१ अनुसार नेपालमा कूल ६,३३,०५३ जना विद्यार्थी उच्चशिक्षामा अध्ययनरत छन् । तीमध्ये त्रिविमा मात्रै ४,९१,२९९ विद्यार्थी अध्ययन गर्दछन् । यो सङ्ख्या उच्चशिक्षामा अध्ययनरत कुल विद्यार्थी सङ्ख्याको करीब ७८ प्रतिशत हुन आउँछ ।

देशका कुल ७७ जिल्लामध्ये ७६ जिल्लामा त्रिविका क्याम्पस/कलेजहरू छन् । तिनमा ६४ वटा आङ्गिक क्याम्पस छन्, जसमध्ये दाङ र डोटीमा दुईवटा इञ्जिनियरिङ कलेज निर्माणाधीन छन् । यसका १,०५३ सम्बन्धनप्राप्त कलेजमध्ये ५३९ सामुदायिक र ५१४ निजी कलेज छन् । बसाइ-सराईको प्रवृत्ति र शहरमा आएर काम गर्दै पढ्ने प्रचलन बढ्दैगएकाले दूरदराजका धेरैजसो सामुदायिक कलेज/क्याम्पस सङ्कटमा छन् । यो सङ्कट निदानका लागि विश्वविद्यालयले कलेजहरूलाई एकआपसमा गाभ्ने नीति लिएको छ । देशमा विश्वविद्यालयको सङ्ख्या बढ्दैगए तापनि त्रिविको भार अझै घटेको छैन ।

नेपाल सरकारको बजेट विनियोजन उच्चशिक्षामा पर्याप्त छैन । नेपाल सरकारले उच्चशिक्षामा आर्थिक वर्ष २०७७/०७८ देखि २०८०/०८१ सम्म गरेको विनियोजनलाई हेर्ने हो भने देशको कुल बजेटको एक प्रतिशत हाराहारीमा लगानी गरेको देखिन्छ । आव २०७५/०७६ देखि २०८०/०८१ सम्म नेपाल सरकारले त्रिविलाई दिएको अनुदान प्रतिविद्यार्थी रू.१९,००० देखि २३,००० छ । यसमा लागत आपूर्ण दर ३५ प्रतिशतदेखि ५० प्रतिशतसम्म मात्र छ । बढीमा प्रतिविद्यार्थी रू.४०,००० लगानी हुन्छ । प्रतिविद्यार्थी प्रतिवर्ष रू.४०,००० को लगानीले हामीले विद्यार्थीहरूलाई कस्तो शिक्षा दिनसक्छौं भन्ने सोचनीय कुरा छ । यस सन्दर्भमा विश्वविद्यालयले अहिलेको वित्तीय व्यवस्थापन नीतिबाट प्रस्थान हुन आवश्यक छ । विश्वविद्यालयले नेपाल सरकारको १६औं योजनाले अङ्गीकार गरेको लागत आपूर्णको वित्तीय नीति अङ्गीकार गर्नुपर्नेछ । यसका लागि विश्वविद्यालयलाई सबै सरोकारवाला पक्षले सहयोग गर्नु आवश्यक छ ।

आङ्गिक क्याम्पसहरूको भौतिक अवस्था जर्जर छ । भूकम्पले ध्वस्त भएका काठमाडौं उपत्यकाका आङ्गिक क्याम्पसहरूका भौतिक संरचना आजसम्म पुनर्निर्माण भएका छैनन् । विद्यार्थीहरूले जोखीममा अध्ययन गर्नुपर्ने अवस्था छ । भूकम्पले ध्वस्त भौतिक संरचनाको निर्माण गर्न नेपाल सरकारले दिएको नियमित पूँजीगत अनुदानबाट सम्भव छैन र विश्वविद्यालयको आन्तरिक स्रोतबाट निर्माण गर्न पनि सम्भव देखिँदैन ।

नेपाल सरकारका विभिन्न निकायहरू, व्यावसायिक क्षेत्र, शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र र देशको राजनैतिक क्षेत्रमा समेत् अधिकांश जनशक्ति त्रिविका उत्पादन छन् । सरकारका विभिन्न निकायमा बसी देश र जनताको सेवा गर्ने र देशको शासनसत्ता हाँक्ने पनि त्रिविकै उत्पादन छन् । यसबाट देशको भविष्य त्रिविमा निर्भर गर्दछ भन्ने स्पष्ट हुन्छ । त्यसैले देशलाई आवश्यक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयमा सुधार नभए विकासका लागि आवश्यक स्तरीय जनशक्ति उपलब्ध हुनसक्दैन र यसले देशलाई दीर्घकालीन असर पार्दछ ।

**आदरणीय अभिभावकज्यूहरू र आज दीक्षित हुने प्यारा विद्यार्थी भाइबहिनीहरू** !

देशबाट हरेक वर्ष अध्ययनका लागि हजारौं विद्यार्थी देशबाहिर जाने र उनीहरूसँगै अध्ययनको नाममा खरब भन्दा बढी पैसा बाहिरिने गरेको तथ्य हाम्रासामु छ । विदेशमा अध्ययनका लागि गएका धेरैजसो विद्यार्थी देशमा फर्किंदैनन् । यसका साथसाथै हाम्रा उत्पादनले पनि देशमा नबसी विदेश नै ताक्नेगरेको तथ्य हाम्रोसामु छ । यसका लागि त्रिविलाई अपजस दिनेगरेको पाइन्छ । निश्चित रूपमा त्रिवि पनि आंशिक रूपमा जिम्मेवार होला, तर देशको आर्थिक अवस्था, भूमण्डलीकरण र उदारीकृत अर्थव्यवस्था पनि जिम्मेवार छ भन्ने मलाई लागेको छ ।

त्रिविले समयमा परीक्षा नगर्ने, परीक्षाफल प्रकाशन नगर्ने, शैक्षिक कार्यक्रमहरू पूरा नगर्नेजस्ता आरोप खेपिराख्नु परेको

छ । त्रिविले परीक्षासम्बन्धी कार्यलाई क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरूमा विकेन्द्रीकरण गरी परीक्षाफल समयमै प्रकाशन गर्ने प्रयास गरेको छ । यसका साथसाथै विद्यार्थीहरूको शैक्षिकसत्र अनावश्यक रूपमा खेर नजाओस् भनेर अन्तिम वर्ष र सत्रको परीक्षामा दुई विषयमा अनुत्तीर्ण विद्यार्थीहरूको परीक्षाफल प्रकाशन भएको १५ दिनमा पूरक परीक्षा लिने व्यवस्था यसपालिदेखि शुरू गरिएको छ । यसका साथसाथै त्रिविले शैक्षिक पात्रो प्रकाशन गरेर लागू गरिसकेको छ । विश्वविद्यालयको काबुभन्दा बाहिरको अवस्थामा बाहेक शैक्षिक पात्रो अनुसार समयमै भर्ना लिने, पढाइ सक्ने, परीक्षा लिने, परीक्षाफल प्रकाशन गर्ने र शैक्षिक कार्यक्रम पूरा गर्ने प्रयास त्रिविले गरिराखेको छ । यस सन्दर्भमा त्रिविले सम्बन्धित सबै पक्षको सहयोगको अपेक्षा गरेको छ ।

विद्यार्थीहरूको भाषागत समस्या समाधान गर्नका लागि प्राविधिक र व्यावसायिक कार्यक्रमहरूमा बाहेक वार्षिक प्रणालीअनुसारका शैक्षिक कार्यक्रमका प्रश्नपत्र यसपालि २०८०/०८१ को भर्ना समूहदेखि भाषा विषयबाहेकका प्रश्नपत्र नेपाली र अङ्ग्रेजी दुवै भाषामा हुने व्यवस्था गरिएको छ । यसले गर्दा दूरदराजका विद्यार्थीहरू प्रश्न नबुझ्ने समस्याबाट मुक्त हुनेछन् ।

परीक्षा नियन्त्रण कार्यालयलाई डिजिटाइज गरी विद्यार्थीहरूलाई समयमै छिटो र सजिलो तरिकाले सेवा दिइनेछ । अनलाइन परीक्षा फारम भर्ने र लब्धाङ्कपत्र सम्बन्धित क्याम्पसबाट दिने व्यवस्था गरिसकिएको छ । यसका साथसाथै निकट भविष्यमा ट्रान्सकृप्ट पनि अनलाइनमार्फत् सम्बन्धित क्षेत्रीय कार्यालयबाट नै दिने व्यवस्था गरिनेछ । यसरी विश्वविद्यालयले सेवाग्राहीलाई छिटो र सरल रूपमा सेवा दिनसक्नेछ । यसका साथै विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रबाट दिइने समकक्षता सम्बन्धी सेवा सरल, छिटो र छरितो ढङ्गले उपलब्ध गराउन कार्यविधि संशोधन गरी कम्प्युटर एप निर्माण गरिंदैछ । आशा गरौं, समकक्षता सम्बन्धी सेवा निकट भविष्यमा नै प्रभावकारी बन्नेछ ।

विश्वविद्यालयका पाठ्यक्रमलाई समयसापेक्ष बनाउन अद्यावधिक गरिंदैछ, बजारमुखी नयाँ शैक्षिक कार्यक्रमहरू निर्माण गरिंदैछ । यसका साथै गतमहिना बसेको विश्वविद्यालय सभाले नेपालमा विशेष कार्यक्रमहरू सञ्चालन गर्नका लागि नीतिगत निर्णय गरिसकेको जानकारी गराउँदछु । यससँगै त्रिविले नेपाल सरकारको शिक्षानीति र विश्वविद्यालयको भिजन २०३० अनुसार विश्वविद्यालयको पुनःसंरचना र शैक्षिक कार्यक्रमहरूको पुनःसंरचना गर्नेजस्ता महत्वपूर्ण नीति लिएको छ । यस सन्दर्भमा विश्वविद्यालय कुन हदसम्म सफल हुनेछ भन्ने कुरा भविष्यले नै बताउनेछ, किनभने विश्वविद्यालयको पुनःसंरचना र नयाँ कार्यक्रमहरू सञ्चालनमा सरकारको सहयोग र राजनैतिक दलहरूको समर्थन आवश्यक पर्दछ । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन शैक्षिकपात्रोमा उल्लेखित दिन फागुन १५ गते नै हुनेछ र यसलाई शान्तिपूर्ण सम्पन्न गराउन सम्बन्धित सबै पक्षलाई अनुरोध गर्दछु ।

विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू र अनुसन्धान सम्बन्धित सरोकारवालासँग जोडिनुपर्दछ । विश्वविद्यालयहरूले राष्ट्रिय श्रमबजार र अन्तरराष्ट्रिय श्रमबजारको वर्तमान एवम् भावी आवश्यकता प्रक्षेपणका आधारमा जनशक्तिको उत्पादन गर्नुपर्दछ । तर हामीले त्यसो गर्नसकेका छैनौं । हामीले धेरैजसो अवस्थामा कारिन्दा र विदेश जाने मनस्थितिका जनशक्ति उत्पादन गरेका छौं । देश विकास गर्ने हो भने उच्चशिक्षालाई पुनः अभिमुखीकरण (Reorientation) गर्नुपर्दछ, यसलाई उत्पादन र समाजसँग जोड्नु पर्दछ ।

विश्वविद्यालयको सामाजिक उत्तरदायित्व छ । यसको पहिलो सामाजिक उत्तरदायित्व भनेको आलोचनात्मक सोचाइ भएको नागरिक उत्पादन गर्नु हो, न कि आज्ञापालक नागरिक उत्पादन गर्नु । तर देशमा कति आलोचनात्मक नागरिक छन् भन्ने कुरा हामीले देखेका छौं । आलोचनात्मक नागरिक भन्दा पनि हामीले नकारात्मक सोचका नागरिक उत्पादन पो गरेका छौं कि भन्ने प्रश्न हामी शैक्षिक क्षेत्रमा लाग्नेहरूले सोच्ने बेला आएको छ । यसका साथसाथै उच्च शिक्षाको अर्को महत्वपूर्ण सामाजिक दायित्व भनेको क्रियाशील नागरिक र नैतिकवान् नागरिकलाई बढावा दिने हो । तर देशको जनसङ्ख्याको तथ्याङ्कले उत्पादनशील नागरिक कति क्रियाशील छन् र कति नागरिकले नैतिकतालाई बढावा दिन्छन् भन्ने कुरा त समाजमा भएका विभिन्न घटना र कतिपय चुनावी परिणामले पनि देखाएका छन् । अब विश्वविद्यालय आफ्नो सामाजिक दायित्व निर्वाह गर्न कत्तिको सफल भएको छ भन्नेतर्फ पनि सोच्ने बेला आएको छ ।

उच्चशिक्षा हासील गरेको जनशक्तिले देशभित्र बसी उपलब्ध साधन र स्रोत परिचालन नगरेसम्म देशमा विकास हुनसक्दैन र देशको आर्थिक संरचना परिवर्तन गर्न सकिन्न । विप्रेषण (Remittance) र आयातमा आधारित अर्थव्यवस्था देशका लागि जोखिमपूर्ण हुन्छ । उत्पादनशील जनशक्ति निर्यात गरेर देशका उपलब्ध साधन र स्रोतलाई परिचालन गर्न सकिँदैन, देशको अर्थव्यवस्थाको संरचना परिवर्तन गर्न सकिँदैन र उत्पादन प्रणाली परिवर्तन गर्न सकिँदैन । फलस्वरूप देश जहिले पनि परनिर्भर हुन्छ ।

**यस समारोहमा दीक्षित हुने प्यारा विद्यार्थी भाइबहिनीहरू** !

अब हामीले कारिन्दा प्रवृत्तिलाई त्याग्नुपर्छ, अर्काको लागि काम गर्ने मनस्थिति छोड्नु पर्दछ र आफ्नो मालिक आफैं बन्नुपर्दछ । तपाईं-हामीले तमाम हाम्रा दाजुभाइ-दिदीबहिनीहरूलाई नेपालमै रोजगार सृजना गर्न सक्नुपर्दछ । यो कुरा तपाईं हामी दीक्षित र शिक्षित व्यक्तिले मात्र गर्न सक्दछौं । मैले संयुक्त राज्य अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई नेपाल फर्कनुहोस् भन्दा उनीहरूले 'नेपालमा गएर के गर्ने प्रोफेसर ? काम गर्ने वातावरण छैन, स्कोप छैन, हामी अब नेपाल गएर त्यहाँको वातावरणमा घुलमिल हुनसक्दैनौं' भने । हामी त्रिविमा पढ्नेहरूले नेपाली जनताको पसिनाले तिरेको करबाट आफ्नो अध्ययन पूरा गरेका छौं । विशेष गरेर प्राविधिक र व्यावसायिक विषयका विद्यार्थीहरू अध्ययन पूरा गर्नासाथ विदेश उड्ने प्रचलन देखिन्छ । त्यसमा पनि अब्बल उत्पादन विदेशमा रोजगारको नाममा वा अध्ययनको नाममा गएको पाइन्छ । हामीले हाम्रो लगानीमा उत्पादन गरेको जनशक्ति सित्तैंमा अरूलाई दिइराखेका छौं । हाम्रो पढाइका लागि खर्चगर्ने करदाताको पसिनाको मूल्य सम्भन पनि म भाइबहिनीहरूलाई अनुरोध गर्दछु ।

नेपालमा स्कोप छ कि छैन भन्ने कुरा म यहाँहरूलाई भारत र चीनबाट आयात हुने केही वस्तुको तथ्याङ्कबाट प्रष्ट पार्न चाहन्छु । नेपाल राष्ट्र बैङ्कका अनुसार आव २०७९/०८० मा भारतबाट तरकारी रू.११.२६ अरब, फलफूल रू.६.२३ अरब, धुप रू.०.४५ अरब, चामल रू.२३ अरब, तरकारी रू.११.२७ अरब र चीनबाट स्याउ रू.७.६ अरब, झोला रू.१.९ अरब र लसुन रू.२.२२ अरबको आयात भएको थियो । यो सानो उदाहरण मात्र हो । यी वस्तुहरू हामी आफैंले उत्पादन गर्न सक्छौं र त्यसमा हजारौंलाई रोजगार दिन सक्छौं । विद्यार्थीहरूको सबैभन्दा पेचिलो कुरो वित्तीय व्यवस्थापन हो । हामीलाई थाहा छ, खरबौं ऋण दिनसक्ने रकम (Loanable Fund) वित्तीय संस्थाहरूमा छ । त्यसैले व्यवस्थापकीय सीप भएमा नेपालमै धेरै अवसर छ, तर आवश्यक भनेको मालिक बन्ने प्रतिबद्धता हो ।

अब म आजका प्रमुख अतिथिज्यूका बारेमा केही भन्न चाहन्छु । आजका प्रमुख अतिथिज्यूको अनुभव आज दीक्षित हुने भाइबहिनीहरूका लागि प्रेरणादायी हुनेछ । उहाँ सिराहा जिल्लाको  राजपुर गाउँमा २००३ सालमा जन्मनुभएको हो । गाउँको विद्यालयबाट एसएलसी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि उहाँले भारतको Orissa Universrsity of Agriculture and Technology बाट कृषिमा स्नातक गर्नुभयो । त्यसपछि नेपाल सरकारको सेवामा लाग्नुभयो । सरकारी सेवामा रहँदै फुलब्राइट छात्रवृत्तिअन्तर्गत् स्नातकोत्तर तहको अध्ययनका लागि संयुक्त राज्य अमेरिकाको ओरेगन विश्वविद्यालय जानुभयो र सन् १९७१ मा कृषि अर्थशास्त्रमा स्नातकोत्तर उपाधि आर्जन गर्नुभयो । त्यसपछि लगत्तै उहाँ कोर्नेल विश्वविद्यालयबाट सन् १९७५ मा कृषि अर्थशास्त्रमा विद्यावारिधि उपाधि हासील गरी आफ्नो देश फर्कनु भयो र उहाँले देश-विदेशका प्रतिष्ठित संस्थाहरूमा महत्वपूर्ण ओहोदामा बसी सेवा गर्नुभयो । उहाँलाई यस दीक्षान्त समारोहको प्रमुख अतिथिका रूपमा म हार्दिक स्वागत गर्दछु ।

यस दीक्षान्त समारोहका अध्यक्ष तथा त्रिविका कुलपति सम्मानीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू, प्रमुख अतिथिज्यू, सहकुलपतिज्यू, सभासदज्यूहरू, हाम्रो निमन्त्रणालाई स्वीकारी आउनुभएका सम्पूर्ण अतिथिगण, दीक्षित हुने भाइबहिनीहरू तथा अभिभावकज्यूहरूलाई पुनः हार्दिक स्वागत गर्दछु । अन्त्यमा दीक्षित हुने विद्यार्थी भाइबहिनीहरूले अध्ययनका क्रममा आर्जन गर्नुभएको सीप र ज्ञानको प्रयोग देशमै रचनात्मक कार्यमा लगाई विश्वविद्यालयको मानसम्मान बढाउनु हुनेछ भन्ने आशा लिएको छु र तपाईंहरूलाई पुनः बधाइ ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको शुभकामना पनि दिन्छु । धन्यवाद !

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री केशव श्रेष्ठ | सिकर्मी | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०८१।०८।०१ |
| श्री शिवप्रसाद खनाल | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०८।०२ |
| श्री केदारप्रसाद श्रेष्ठ | शाखा अधिकृत | वन विज्ञान अध्ययन संस्थान, पोखरा | २०८१।०८।०४ |
| श्री मञ्जुश्री बज्राचार्य (शाक्य) | सह-प्राध्यापक | अमृत क्याम्पस, लैनचौर | २०८१।०८।०५ |
| श्री भुपाल गिरी | ड्राईभर | पूर्वाञ्चल क्याम्पस, धरान | २०८१।०८।०६ |
| श्री दिपक महर्जन | शाखा अधिकृत | कर्मचारी प्रशासन महाशाखा, कीर्तिपुर | २०८१।०८।०८ |
| श्री इन्दु माया श्रेष्ठ | सिनियर अनमी | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०८।०८ |
| डा. केशवराज जोशी | प्राध्यापक | शंकरदेव क्याम्पस, रामशाहपथ | २०८१।०८।१० |
| श्री भोलानाथ भट्टराई | सह-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।०८।१० |
| श्री राजश्री प्रधान | सह-प्राध्यापक | रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०८।१३ |
| श्री मीना भुजेल | वार्ड कुल्ली | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०८।१४ |
| डा. सुधा श्रेष्ठ | प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०८।१५ |
| डा. भरतराज पहारी | प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०८।१५ |
| डा. विपना देवी आचार्य | प्राध्यापक | अमृत क्याम्पस, ठमेल | २०८१।०८।१५ |
| डा. केदार नाथ घिमिरे | प्राध्यापक | रसायनशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०८।१५ |
| डा. बाबुराम तिमिल्सिना | सह-प्राध्यापक | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८१।०८।१५ |
| श्री प्रमिला प्रधान जोशी | शाखा अधिकृत | नेपाल कमर्श क्याम्पस, मीनभवन | २०८१।०८।१५ |
| श्री नविनकुमार श्रेष्ठ | शाखा अधिकृत | केन्द्रीय प्रविधि क्याम्पस, धरान | २०८१।०८।१५ |
| श्री हिमा गुरूङ्ग | कार्यालय सहयोगी | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०८१।०८।१५ |
| श्री कृष्णबहादुर कठायत | उप-प्राध्यापक | डोटी बहुमुखी क्याम्पस, डोटी | २०८१।०८।१८ |
| श्री मोती लाल श्रेष्ठ | ड्राईभर | परीक्षा नियान्त्रण कार्यालय, बल्खु | २०८१।०८।२० |
| श्री विदुर राई | उप-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०८१।०८।२२ |
| श्री चन्देश्वर लाल कर्ण | सह-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०८।२३ |
| श्री तोरण दीप धिताल | सह-प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन | २०८१।०८।२४ |
| डा. हरि दर्शन श्रेष्ठ | प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०८।२५ |
| श्री सीता क्षेत्री | कार्यालय सहयोगी | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | २०८१।०८।२५ |
| श्री चंचलकुमार जोशी | मर्मतसम्भार अधिकृत | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०८।२७ |
| श्री केशव राज ढुंगाना | शाखा अधिकृत | परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०८१।०८।२८ |
| श्री चमेली कपाली | सिनियर लेटरर | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।०८।२८ |
| श्री कर्णबहादुर थापा | वार्ड कुल्ली | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०८।२९ |
| डा. रमेश नारायण त्रिपाठी | प्राध्यापक | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | २०८१।०८।३० |
| श्री रेणा शाह | सहायक भण्डारपाल | नेपाल कमर्श क्याम्पस, मीनभवन | २०८१।०८।३० |

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री सुदर्शना शाक्य | सह-प्राध्यापक | भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | २०८१।०९।०२ |
| श्री कुलप्रसाद दाहाल | सह-प्राध्यापक | पृथ्वीनारायण क्याम्पस, पोखरा | २०८१।०९।०४ |
| श्री गुणराज त्रिपाठी | लण्ड्रीम्यान | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०९।०५ |
| श्री शारदा देवी बुढाथोकी | कार्यालय सहयोगी | वीरगञ्ज नर्सिङ्ग क्याम्पस, वीरगञ्ज | २०८१।०९।०५ |
| श्री लक्ष्मीकुमारी शर्मा अधिकारी | उप-प्रशासक | अनुसन्धान निर्देशनालय, कीर्तिपुर | २०८१।०९।०६ |
| श्री भाईकृष्ण के.सी. | वरिष्ठ ल्याबब्वाई | अमृत क्याम्पस, ठमेल | २०८१।०९।०६ |
| श्री रामहरि भण्डारी | उप-प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग | २०८१।०९।०७ |
| श्री अलका झा | उप-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।०९।०७ |
| श्री रूपतारा बज्राचार्य | उप-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०९।०८ |
| श्री गंगा बहादुर नेम्कुल | शाखा अधिकृत | शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर | २०८१।०९।०८ |
| श्री पुरूषोत्तम रत्न शाक्य | लेखा अधिकृत | आर्थिक प्रशासन महाशाखा, कीर्तिपुर | २०८१।०९।०९ |
| श्री बिहारीप्रसाद मिश्र | मुख्य का. सहायक | प्रिन्सिपलको कार्यालय, कीर्तिपुर | २०८१।०९।१० |
| श्री सुदर्शन बहादुर रघुवंशी | शाखा अधिकृत | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०९।१३ |
| श्री हर्क बहादुर महर्जन | उप-प्रशासक | कृषि र पशुविज्ञान अध्ययन संस्थान, कीर्तिपुर | २०८१।०९।१४ |
| श्री बल बहादुर विरकट्टा | ल्याब असिष्टेण्ट | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | २०८१।०९।१५ |
| श्री वेनुप्रसाद सिटौला | उप-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८१।०९।१७ |
| श्री शरण बहादुर डंगोल | लेखा अधिकृत | आर्थिक प्रशासन महाशाखा, कीर्तिपुर | २०८१।०९।१७ |
| श्री रामप्रसाद गुरागाईं | सह-प्राध्यापक | रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।०९।१८ |
| श्री रामप्रसाद भण्डारी | प्रविधिक सहायक | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८१।०९।१८ |
| श्री भरतराज न्यौपाने | सह-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, दाङ्ग | २०८१।०९।२० |
| डा. हिरालाल खड्का | मेडिकल अधिकृत | महाराजगञ्ज चिकित्सा क्याम्पस, महाराजगञ्ज | २०८१।०९।२० |
| श्री मान्ति देवी शाक्य | ल्याब अधिकृत | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।०९।२० |
| श्री पुष्पनन्दन झा | प्राविधिक अधिकृत | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०९।२२ |
| श्री कर्म बहादुर कार्की | वरिष्ठ मेमो ईन्चार्ज | महेन्द्र रत्न क्याम्पस, ताहाचल | २०८१।०९।२३ |
| श्री नीता सिंह | प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।०९।२६ |
| डा. शुभनारायण पाठक | प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।०९।२७ |


**प्रकाशक** : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६
**इमेल** : info@tu.edu.np
**वेबसाइट** : www.tu.edu.np
**सम्पादक** : भीम बहादुर श्रेष्ठ
**सम्वाददाता** : कृष्णप्रसाद वस्ताकोटी
**कम्प्युटर डिजाइन** : सरोज महर्जन
**मुद्रक** : त्रिवि छापाखाना, कीर्तिपुर